




# राष्ट्र निर्माणमा हातेमालो

अहिलेको संकटबाट निकास खोज्न अन्तरिम सरकार, दलहरू, आन्दोलनकारी शक्ति र निजी क्षेत्र एक ठाउँ उभिनुपर्छ । राष्ट्रले नयाँ जनादेशमार्फत राजनीतिक निकास खोज्ने संकल्प गरिसकेको छ ।



■ मदनकुमार श्रेष्ठ

" हामी नेपाली पटकपटक लडेर उठेका छौं । १९९० सालको होस् वा २०७२ सालको महाभूकम्प, हामीले ठुलो भौतिक तथा मानवीय क्षति बेहोर्नुपर्‍यो । दशक लामो सशस्त्र द्वन्द्व (२०५२-२०६३) मा पनि हजारौंको ज्यान गयो, भौतिक संरचना ध्वस्त पारिए । फेरि सिंहदरबारसहित सरकारका महत्वपूर्ण संरचना ध्वस्त भएका छन् । सबैप्रकारका त्यो घाउ बिर्सिएर हामी फेरि उठ्छौं ।

जेनजी विद्रोह (२३-२४ भदौ)का क्रममा ज्यान गुमाएका ७४ नागरिकको घरपरिवार र आफन्त गहिरो शोकमा छन् । कैयौं घाइतेहरू अझै पनि अस्पतालमै छन् भने कतिपय डेरा र घरमा । अनि भौतिक संरचना विध्वंशको सिकार भएर खरानी पारिएका छन् । मुलुकलाई यो राष्ट्रिय संकटबाट पार लगाउन बनेको अन्तरिम सरकारले भर्खरै काम सुरु गरेको छ । यस्तो बेला हामी राष्ट्रिय पर्व दशैं मनाउँदै छौं ।

चाडपर्व त्यसै पनि खुसी र उमंग लिएर आउँछ । तर यसपटक नेपाली समुदायको अनुहारमा खुसी र मनमा शान्ति छैन । भर्खरै शान्तिपूर्ण प्रदर्शन भड्किएर काठमाडौंलगायत देशभर फैलिएको हिंसा, आगजनी, तोडफोड र लुटपाटले सबैलाई चिन्तित बनाएको छ । सँगसँगै, राष्ट्रिय राजनीतिमा आएको उथलपुथल र सत्ता उलटफेरले नयाँ सम्भावनाको ढोका पनि खोलिदिएको छ । दशैंतिहारजस्ता चाडपर्वमा हुने पारिवारिक जमघट र भेटघाटमा ती सम्भावनामा पक्कै बहस हुनेछ । हाम्रो शासन व्यवस्थामा आएका बेथिति, विकृति र भ्रष्टाचार, त्यसमा जिम्मेवारी राजनीतिक नेतृत्व, वैकल्पिक शक्ति, नयाँ पुस्ता र आमनागरिकका रूपमा तपाईं हाम्रै भूमिकाबारे पनि विचार-विमर्श हुनेछ । त्यसैले यस वर्षका चाडपर्व एवं सांस्कृतिक जमघट राष्ट्रिय दृष्टिकोण बनाउने 'डिस्कोर्स-फोरम' पनि बन्न सक्छन् ।



हामी नेपाली पटकपटक लडेर उठेका छौं । १९९० सालको होस् वा २०७२ सालको महाभूकम्प, हामीले ठुलो भौतिक तथा मानवीय क्षति बेहोर्नुर्पयो । तर हामी भत्किएका संरचना ठड्याउँदै हामी उठ्यौं । दशक लामो सशस्त्र द्वन्द्व (२०५२-२०६३) मा पनि हजारौंको ज्यान गयो, भौतिक संरचना ध्वस्त पारिए । द्वन्द्वको त्यो घाउ बिर्सिएर हामी फेरि उठ्यौं । यसपटक युवा पुस्ताको आन्दोलनमा पनि ठुलो मानवीय क्षति बेहोर्नुपर्‍यो । राष्ट्रिय सम्पत्ति नष्ट गरियो, निजी क्षेत्रलाई आक्रमणको निशाना बनाइयो र राज्यका संरचना तहसनहस पारिए । घटनामा ज्यान गुमाएका होनाहार युवा नफर्किएलान् तर उनीहरूले देखेको सपना र आन्दोलनको एजेन्डालाई सम्बोधन गर्न सकियो भने ती युवा पनि हाम्रो स्मरणमा सधैं रहनेछन् । यसबेला हामी फेरि एकपटक राष्ट्रलाई उठाउने संकल्प गर्नुपर्छ ।

पक्कै हो, राज्य र मुख्य दलहरूप्रति आमनागरिक असन्तुष्ट थिए । जसका कारण युवा पुस्तामा चरम निराशा थियो । अस्थिर सरकार, चुनावदेखि चुनावसम्मको चक्रब्युहमा फसेको राजनीति, बढ्दो बेरोजगारी र वैदेशिक रोजगारीका लागि विमानस्थलमा बढिरहेको लाइन, धोकाधडी र गालीगलौंजमा रमाइरहेको शीर्ष नेताहरूको म्युजिकल चेयरजस्तो बनेको प्रधानमन्त्री पद, बेथिति र भ्रष्टाचारले थिलोथिलो भएको सुशासनले आमनागरिक दिक्क थिए । जेनजी विद्रोहको विस्फोट त्यही असन्तुष्टि र आक्रोशको परिणाम थियो । तर अहिले राष्ट्रिय राजनीतिले नयाँ मोड लिएको छ । संकटकै बिचमा केही आशालाग्दा अनुहारसहित अन्तरिम सरकार बनेको छ । जेनजी आन्दोलनका मूल एजेन्डा सम्बोधन गर्ने र आउँदो फागुन २१ गते आमचुनाव गर्नुपर्ने यो सरकारको प्रस्ट म्यान्डेट छ । यसले थोरै भए पनि आशाको किरण देखिएको छ ।

ठुलो धनजनको क्षतिपछि निजी क्षेत्रमा सन्नाटा छाएको छ । अर्थतन्त्रमा थोरै भए पनि सुधार आएको र लगानीको वातावरण बन्दै गएको स्थितिमा पुनः त्यो वातावरण बिग्रिएको छ । तर निजी क्षेत्रका अगुवा उच्च मनोबलका साथ यो स्थितिबाट छिट्टै उठ्ने बताइरहेका छन् । नेपाल उद्योग वाणिज्य महासंघदेखि उद्योग परिसंघजस्ता उद्योगी-व्यवसायीका संगठनहरूले अहिलेको क्षतिबाट उठ्न, लगानीको वातावरण बनाउन र आर्थिक क्षेत्रमा सुधार ल्याउन सरकारको साथ मागेका छन् । प्रधानमन्त्री सुशीला कार्की स्वयंले निजी क्षेत्रको होस्टेमा सरकारले हैंसे गरेर साथ दिने बताइसकेकी छन् । ध्वस्त भएका निजी उद्योग र संरचना निर्माण सामग्रीमा ५० प्रतिशतसम्म कर छुटको घोषणा गरिएको छ । यसले पक्कै पनि निजी क्षेत्रलाई फेरि उठ्न केही राहत पुगेको हुनुपर्छ ।

नेपाली समाजको अर्को विशेषता भनेकै विगतका गल्तीबाट पाठ सिक्ने पनि हो । आपसी सद्भाव, सहिष्णुता र एकतामा विश्वास अर्को विशेषता हो । असोज ३ गते शीतल निवासमा जे देखियो, त्यसले पनि हामी आपसी कटुता र द्वन्द्वबाट छिट्टै एकै ठाउँ उभिन सक्छौं भन्ने देखायो । पुराना दलका शीर्ष नेतादेखि जेनजी अगुवा एकै ठाउँ उभिएर संविधान दिवस मनाए । त्यसको अर्थ, जेजस्ता असन्तुष्टि रहे पनि अहिलेको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति सबैको प्रतिबद्धता देखियो । संविधानमा जेजति संशोधन गर्नुछ, त्यो फागुन २१ मा हुने आमचुनावको जनादेशबाटै हुनेछ भन्ने प्रस्ट रोडम्याप पनि बनेको छ । सोही रोड म्यापअनुसार मुलुकलाई अघि बढाउनुको तत्काल अर्को विकल्प छैन ।

भनिन्छ, कालो बादलमा पनि चाँदीको घेरा हुन्छ । अहिलेको संकटबाट निकास खोज्न अन्तरिम सरकार, दलहरू, आन्दोलनकारी शक्ति र निजी क्षेत्र एक ठाउँ उभिनुपर्छ । राष्ट्रले नयाँ जनादेशमार्फत राजनीतिक निकास खोज्ने संकल्प गरिसकेको छ । यस्तोमा तोकिएको मितिमै आमचुनाव हुने वातावरण बनाउनु नै देशको भलो चाहने हरेकको दायित्व र जिम्मेवारी हो । दशैं तिहारजस्ता चाडपर्वबाट प्राप्त हुने खुसी, उत्साह र ऊर्जालाई समृद्ध राष्ट्र निर्माणमा लगाऔं । सम्पूर्ण नेपालीजनमा मंगलमय शुभकामना ।







# आशाको यात्रामा जनजीवन र अर्थतन्त्र



■ उद्धव सिलवाल

युवाहरु देशभित्र बसिरहेमा बेरोजगारीले चरम रुप लिन सक्ने भएकाले त्यसबाट निस्कने छालको तरंग राजनीतिक दलसम्म पुग्न सक्छ भन्दै नेतृत्वले युवाहरुको भावनालाई उपेक्षा गर्दा तिनै नयाँ पुस्ताको आक्रोशले चरम रुप लिएपछि अहिलेको अवस्था सिर्जना भएको हो ।

*एक जुगमा एक दिन एकचोटि आउँछ*
*उलटपुलट, उथलपुथल हेरफेर ल्याउँछ ।*

कवि गोपालप्रसाद रिमालको यो कविताजस्तै नयाँ पुस्ता (जेनजी)ले भूगोल, संस्कृति र कला आफ्नो ठाउँमा रहँदा रहँदै पनि त्यसलाई सञ्चालन गर्ने पुस्ताको कारण समाजमा सुशासन अन्त्य भई कुशासनले प्राथमिकता पाएको भन्दै गरेको गरेको दुई दिनको आन्दोलनले संसद् विघटन भई अन्तरिम सरकार गठन भएको छ ।

कवि रिमालको भनाइअनुसार परिवर्तन टुप्पोबाट पलाउने कुरा हुँदै होइन । साइजसाइजका नेता त जतासुकै बग्रेल्ती पाइन्छ । तर कुनै पनि देशले राजनेता पाउन लामो समय कुर्नुपर्छ । नेपाली नजरमा सि चिनफिङ पुस्तकमा चीनमा एक जुगमा माओत्सेतुङ आए । अर्को युगमा दङ स्याओपिङ छाए र अहिले सि चिनफिङ रहेको उल्लेख छ । हामीकहाँ पनि आन्दोलनपछिको नयाँ सरकारको जिम्मेवारी नवनियुक्त प्रधानमन्त्रीको काँधमा रहेको छ । त्यसैले वर्तमान सरकारले विगतमा देखिएको कमी कमजोरीलाई हटाई आर्थिक विकासको मुद्दालाई अघि लानुपर्ने देखिएको छ ।

नेपाली अर्थतन्त्र अनुचित फाइदा लिने प्रवृत्तिबाट ग्रस्त छ । जसले गर्दा सरकारी नीति र कार्ययोजनाले अपेक्षित नतिजा दिन सकेको छैन । आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने विषय कागजमा मात्रै सीमित रहेको छ । सुशासन प्रभावकारी हुँदा मात्रै भ्रष्टाचार घट्छ । सुशासन फितलो हुँदा भ्रष्टाचार बढ्ने सर्वमान्य सिद्धान्त हो । तर पनि भ्रष्टाचार नियन्त्रणतर्फ काम हुन सकेन ।

उत्पादन संयन्त्र कमजोर हुँदा वस्तु तथा सेवाका लागि पनि अन्य देशमा भर पर्नुपर्ने अवस्था विद्यमान रहेको छ । युवाहरू देशभित्र बसिरहेमा बेरोजगारीले चरम रूप लिन सक्ने भएकाले त्यसबाट निस्कने छालको तरंग राजनीतिक दलसम्म पुग्न सक्छ भन्दै नेतृत्वले युवाहरूलाई स्वदेशमा बस्ने वातावरण निर्माणमा प्राथमिकता दिएनन् । किनकि स्वदेशमा बस्दा उनीहरू राज्य व्यवस्थाविरुद्ध आन्दोलन वा विद्रोहमा जान सक्छन् । त्यसैले राज्य नेतृत्व गरिहेको दल होस् वा प्रतिपक्षमा रहेको अन्य राजनीतिक दल उनीहरूले वैदेशिक पलायनलाई रोक्नेतर्फ पटक्कै काम गरेनन् । सरकार सञ्चालनमा युवाशक्ति बाहिरिनुलाई सकारात्मक रूपमा लिइने परिपाटीका कारण अहिलेको अवस्था आएको हो ।

मुलुकमा अहिले परिश्रम गर्छुभन्दा पनि काम गर्न पाउने अवस्था छैन । भोकको अनुभूति अघाएका पेटहरूले गर्न सक्दैनन् । भोक मेट्नकै लागि जीवन भर संघर्ष गर्नुपर्छ । देशमा केही वर्षयता भोक आतंक चलेको छ । बेरोजगारी बढ्दो छ । काम गरेर खाने वातावरण छैन । देशभित्र बसेर भोकको सामना गर्न नसकिने भएपछि नागरिकहरू विदेश जान लामबद्ध छन् । नेपाली युवा कति आतकिंत छन् भन्ने कुरा राहदानी विभाग, दूतावास र विमानस्थलमा दिनहुँ देखिने लाइनले नै देखाइरहेको थियो ।



यस्तो अवस्थामा सरकारी स्रोतसाधनको दोहन, ठेक्कापट्टामा मिलेमतो, कर्मचारी र सुरक्षा अधिकारीको सरुवा बढुवामा मिलेमतोका विषय चर्चामा आइरहने गर्थ्यो । नेता र कर्मचारी मुछिएको ललिता निवास प्रकरण, वाइडबडी विमान खरिद, नक्कली भुटानी शरणार्थी प्रकरण, सहकारी ठगी, भिजिट भिसा प्रकरण, टेरामक्स, पतञ्जली जग्गा एवं गिरीबन्धु टी स्टेटजस्ता प्रकरणसँगै सार्वजनिक सेवा प्रवाहमा हुने गरेको ढिलासुस्तीले गर्दा नयाँ पुस्तामा आक्रोश बढिरहेको थियो ।

सत्ता र शक्तिमा रहँदा नेता र उनीहरूको पहुँचमा रहेका कर्मचारीको मात्रै हालिमुहाली हुने गरेको थियो । पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा अर्बौं रुपैयाँ भ्रष्टाचारमा राजनीतिज्ञ र कर्मचारी संलग्न भएको कुरा बाहिर आए पनि छानबिन हुन सकेन । ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनअनुसार नेपाल अति भ्रष्टाचार हुने देशको सूचीमा रहेको छ । नेपालको सम्पत्ति शुद्धीकरणमा निगरानी गर्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)को ग्रे लिस्टमा परेको छ । यस्ता कारणले युवाहरूमा बढेको आक्रोशको कारण आजको अवस्था आएको हो ।

अधिकांश मानिसको इच्छा सुख हो । सुख प्राप्त गर्ने साधन सम्पत्ति हो । सुखको चरित्र नै अस्थिरता र मानिसलाई एकपछि अर्को लालसा जगाउनु हो । सुख र सम्पत्तिको चाहना असीमित हुन्छ । सम्पत्तिबाट सुखलाई सुरक्षित बनाउने सार्वजनिक अधिकारीको चाहनामा कहिले पनि पूर्ण विराम लाग्दैन । शक्तिमा एकाधिकार भएका व्यक्तिलाई प्रभावित गरी फाइदा दोहन गर्ने क्षमताले मुलुक अहिलेको अवस्थामा आइपुगेको हो । तृप्त नहुने सुखको इच्छा र सम्पत्ति प्राप्त गर्ने अवस्थाले शक्तिमा भएका व्यक्तिलाई सम्पत्ति जम्मा गर्न अभिप्रेरित गर्दछ । जसले मुलुकमा कमाउ धन्दालाई थप प्रश्रय गर्न सहयोग पुर्‍यायो । यस्तो कमाउ धन्दाले समाज र देशमा नै विकृति देखापरेको हो ।

नेपालको आर्थिक विकासका लागि विभिन्न क्षेत्रमा लगानी गर्न आवश्यक स्रोतको अभाव रहेको भन्दै विदेशी लगानीका लागि पनि यथेष्ट प्रयास हुँदै आएको छ । तर प्रयासअनुसारको विदेशी लगानी भित्रिन सकेको छैन । परम्परागत आन्तरिक अर्थतन्त्रको समस्याका कारणले गर्दा समग्र अर्थतन्त्रमा दबाबको अवस्था कायमै रहेको छ । आन्तरिक उत्पादन तथा माग सिर्जना नभएको कारणबाट जनताको जीवनस्तरमा सुधार आउन सकेको छैन । राजनीतिक रिले दौडका कारण योभन्दा अघि पनि आर्थिक क्षेत्रमा गम्भीर असर परेको थियो । सोही कारण आर्थिक क्षेत्रको अपेक्षाकृत विकास हुन सकेन ।

कौटिल्यको अर्थशास्त्रमा अर्थ आर्जनमा देखिएको असमानताको कारण विश्वका सबै देशमा कलह र अशान्तिले स्थान पाएको उल्लेख छ । कौटिल्यले भनेजस्तै देश देशमा अशान्त वातावरण स्थापना हुनुमा अर्थ आर्जनको मूख्य भूमिका रहेजस्तो घरपरिवारमा पनि यही अर्थ अभावको कारण जीवन गुजारामा दबाब सिर्जना भएको छ । यो भनेकै धन आर्जनमा देखिएको असमानताले हो । हामीकहाँ थोरै मानिस सम्पन्न छन् । असंख्य नागरिक जीवन निर्वाहका लागि साधारण साधनबाट समेत वञ्चित रहेका छन् ।

हरि रोकाले वैकल्पिक अर्थतन्त्र नामक पुस्तकमा जीवन यापनका लागि पुँजी निर्माण हुन नसक्दा ग्रामीण वा सहरी क्षेत्रका आमनागरिकको जीवस्तर नराम्ररी प्रभावित भएको बताएका छन् । पुँजी निर्माणमा सक्रियतापूर्वक जनसंख्यामाथि हुने वातावरण नबन्दा राष्ट्रिय पुँजी निर्माणमा समेत आघात पुगेको उनको पुस्तकमा उल्लेख छ । पुस्तकमा उल्लेख गरेजस्तै लामो समयदेखि मानवीय जीवन रक्षाका लागि समाजको तल्लो वर्ग (बटम अफ द पिरामिड)लाई राज्यले हेर्न नसकेको कारण मुलुकमा नयाँ अवस्था सिर्जना भएको हो । यसको दुरगामी प्रभावबारे नेतृत्व तहले ध्यान दिनुपर्ने देखिएको छ । सुशासनको अभावले बढेको असमानताले असन्तुष्टि र विद्रोहको स्वरलाई चर्को बनाउँदै ल्याइरहेको अवस्थामा जेनजी आन्दोलनपछि सत्ता परिवर्तन भइसकेको हुँदा विश्व अर्थ व्यवस्थामा आइरहेको फेरबदल, राष्ट्रिय राज्यको अन्तर्राष्ट्रिय मोह, आर्थिक तथा सामाजिक संकट, क्षेत्रीय गठबन्धन तथा नयाँ शीतयुद्धलाई समेत ध्यानमा राखेर अर्थ रूपान्तरणका लागि अन्तरिम सरकारले राज्यको अर्थ राजनीतिक रणनीति तयार गरी अघि बढ्नुपर्ने खाँचो महसुस भएको छ ।

दशैं र तिहारजस्ता चाडपर्व आर्थिक लेनदेनका लागि उच्च गतिविधि हुने समय हो । यसको तयारीमा मानिसहरूले लुगा, खाना र अन्य सामान किन्ने हुँदा बजार गतिविधि चलायमान हुने गर्छ । अहिले अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन । जेनजी आन्दोलनमा एकै दिन १९ जनाको नरसंहार भएको थियो । सो आन्दोलनमा साहदत पाउने संख्या अहिले ७३ पुगिसकेको छ । यो संख्या बढ्दो क्रममा रहेको छ । यस्तो अवस्थामा सीमित स्वार्थ समूह भएका व्यक्तिहरूले बजारमा कालोबजारी सुरु गरिसकेका छन् । कृत्रिम अभाव र कालो बजारी गर्ने जोसुकैलाई सरकारले कडाभन्दा कडा कारबाही गर्नुपर्ने देखिएको छ । योसँगै चाडपर्वमा हुने मूल्यवृद्धि नियन्त्रण गर्न सकेमा केही मात्रामा भए पनि आमनागरिकले राहत महसुस गर्न सक्ने थिए ।

साधारणतया एक छाक खान पनि औसत नेपालीलाई धौधौ पर्ने अवस्था अहिले विद्यामान रहेको छ । यस्तो बेला चाडपर्वको बाहानामा बजारमा अवधि सकिएका सामानहरूको बिक्री वितरण हुन सक्ने देखिएकाले त्यसको अनुगमन र नियन्त्रणलाई प्रभावकारी रूपमा अघि बढाइ कालोबजारी गर्ने व्यक्ति, समूह थोरै फाइदाका लागि आमनागरिकको जीवनमाथि खेलबाड गरेको भेटिएमा त्यसलाई दण्ड दिने व्यवस्थालाई कार्यान्वयन गर्नुपर्ने खाँचो पनि देखिएको छ ।

कुशासनको कारण मानसिक सन्तुलन गुमाउनेसम्मको अवस्थासमेत सिर्जना भएको सबैलाई थाहा भएकै विषय हो । त्यसैले जेनजी आन्दोलनपछि बनेको सरकारले जनताले तिरेको करको रकमबाट कर्मचारीले तलब तथा सुविधा पाउने भएकाले जनाता नै सर्वोपरि हुन् भन्ने कुरालाई ध्यानमा राख्दै आन्दोलनबाट हासिल भएको ऊर्जाबाट देशमा रहेको अध्याँरोलाई उज्यालोतर्फ लानुपर्ने देखिएको छ । सर्वसाधारणको जनजीवन र अर्थतन्त्रमा आशाको नयाँ किरण विजारोपण गरी अर्थपूर्ण उपलब्धिलाई अनवरत रूपमा अघि बढाउनु नै अहिलेको आवश्यकता हो ।









# सरकारको अर्जुनदृष्टि, दलको अग्निपरीक्षा




**जनक नेपाल**

> सैन्य शासन आउँछ कि राजतन्त्र फर्किन्छ अथवा भूराजनीतिले कहाँ पुऱ्याउँछ भन्ने भय र चिन्ताबाट राष्ट्रपति पौडेलले 'बडो जुक्ति'ले संविधान पूरै च्यातिनबाट रोके, लोकतन्त्रको ढुकढुकी जोगाए । तर यो संकट टरिसकेको छैन । राजनीतिक र संवैधानिक संकटको सुरक्षित अवतरण तोकिएको समयमै आमचुनाव गराएर मात्र हुन सक्छ । त्यसैले आमचुनाव अन्तरिम सरकारका लागि अर्जुनदृष्टि हुनुपर्छ ।

यस वर्षका दशैं-तिहार केवल पर्वमा मात्र सीमित हुँदै छैनन्, लोकतन्त्रको सम्परीक्षण डिस्कोर्सको माध्यम पनि बन्दै छन् । सहरदेखि गाउँसम्मै भर्खरैको राजनीतिक उथलपुथल, धक्का र पराकम्प महसुस गरिनेछ । परिवारको पुनर्मिलनसँगै राजनीतिक गफगाफको रंग पनि मिसिनेवाला छ । गाउँका चौतारी, चिया पसल र पारिवारिक जमघटमा देशको राजनीति, आन्दोलनको तरंग र चुनावी समीकरणको चर्चा हुनेछ । अर्थात् दशैंतिहार राजनीतिक बहसको माहौल हुनेछ, जसरी २०७९ का चाडपर्व राजनीतिमय भएका थिए । दशैंतिहारलगत्तै ४ मंसिरमा आमचुनाव हुँदै थियो । त्यसैले पर्वमा चुनावी माहौल मिसिएको थियो । दल र उम्मेदवारले चुनावी दौडधुपझैं भेटघाट र सम्बन्ध सुधारमा कुँदिरहेका थिए ।

यसपटक मुलुक आवधिक निर्वाचनमा होइन, मध्यावधिमा जाँदै छ । त्यसैले परिस्थिति अलि भिन्न छ । जेनजी विद्रोहको आँधीले राजनीतिक परिदृश्य पनि फेरिएका छन् । दलहरूका पार्टी कार्यालय मात्र होइन, शीर्षदेखि मझौला तहका नेताका घरसम्म आगो झोसिएको छ । त्यसले विघटित संसद्का मुख्य दल र नेताहरूको मनोबल खस्किएको छ भने विकल्पमा नयाँ दल खुल्ने चरणमा छन् । राजनीतिक कोर्स नयाँ कोणबाट अघि बढ्दै छ । त्यसैले अन्तरिम सरकारले घोषणा गरेको २१ फागुनको चुनाव विशेष हुनेछ ।

दशैंतिहार पुराना दललाई आफ्नो धरातल खोज्ने र नयाँ दलका लागि आमनागरिकसँग नजिकिने माध्यम बन्दै छ । जेनजी विद्रोहसँगै हिंसा भड्किएपछि नेताहरूको भागाभागको स्थिति बन्यो । मतदातासँग नेताकार्यकर्ताको सम्बन्ध टुटेको देखियो । अराजक समूहले आगजनी, लुटपाट र आक्रमण गर्दासमेत शीर्ष नेताहरूले छरछिमेकबाट गुहारसम्म पाएनन् । ती घटनाले पुराना दल र नेताहरूलाई ठुलै आवाजमा सन्देश दिएका छन् । आन्दोलनलगत्तै आएका चाडपर्व उनीहरूका लागि आमअसन्तुष्टि र गुनासा सुन्ने, आफ्नो संगठन र तल्लो पंक्ति जोगाउने, भुँइ तहसँग टुटेको सम्बन्ध जोड्ने मौका बन्नेछ । नयाँ दलहरूले प्रस्ट आकार त लिइसकेका छैनन् तर विकल्पमा केही जेनजी अगुवा निस्किएका छन् । काठमाडौं महानगरका मेयर बालेन शाह, धरानका हर्क साम्पाङ र दुर्गा प्रसाईंहरू नयाँ दलको गृहकार्यमा जुटिसकेका छन् । उनीहरूका लागि पनि मतदाता आफूतर्फ आकर्षित गर्ने मौका बन्नेछ । त्यसअर्थमा यो आममान्छे अर्थात् २१ फागुनका मतदातालाई सुन्ने र उनीहरूको आकाक्षा बुझ्ने समय हो ।



जतिसुकै पर्वको माहौल भए पनि गाउँसमाज र घरपरिवारका सदस्य एकठाउँ हुँदा भर्खरैको जेनजी विद्रोहको चर्चा नहुने कुरै भएन । जसले ३० घण्टामै झन्डै दुई तिहाइ जनमतको शक्तिशाली सरकार मात्र ढालेन, ठुलो मानवीय क्षति पनि गरायो । हाम्रा ऐतिहासिक सम्पदा, इतिहास र धरोहरलाई समेत केही घण्टामै खरानी बनाइदियो । त्यो पनि देशभर एकैसाथ । आन्दोलनलाई हेर्ने दृष्टिकोण व्यक्तिपिच्छे होलान् तर यसले नयाँ सम्भावनाको ढोका पक्कै खोलेको छ । ताजा जनादेशको मौका दिएको छ, जुन अहिलेसम्म ठुलो जनमत ओगटेर बसेका दलहरूका लागि अग्नि परीक्षा हुनेछ ।

आन्दोलनपछिको संक्रमणकालीन समय निकै कष्टपूर्ण रह्यो । राजनीतिक र संवैधानिक संकटबीच संविधानको छिद्रबाट राष्ट्रपति रामचन्द्र पौडेलले अन्तरिम सरकार गठन गरे । सैन्य शासन आउँछ कि राजतन्त्र फर्किन्छ अथवा भूराजनीतिले कहाँ पुऱ्याउँछ भन्ने भय र चिन्ताबाट राष्ट्रपति पौडेलले 'बडो जुक्ति'ले संविधान पूरै च्यातिनबाट रोके, लोकतन्त्रको ढुकढुकी जोगाए । तर यो संकट टरिसकेको छैन । राजनीतिक र संवैधानिक संकटको सुरक्षित अवतरण तोकिएको समयमै आमचुनाव गराएर मात्र हुन सक्छ । त्यसैले आमचुनाव अन्तरिम सरकारका लागि अर्जुनदृष्टि हुनुपर्छ ।

संकटको यस घडीमा आमनागरिकले मन्त्रिपरिषद्मा आशा र भरोसा गर्न सकिने अनुहार खोजिरहेका थिए । त्यो बुझेरै हुनुपर्छ, प्रधानमन्त्री सुशीला कार्कीले पेसागत रूपमा दक्ष व्यक्ति समेटेर सरकार बनाएकी छन् । लोकतान्त्रिक गणतन्त्रमा सरकारमा पुग्ने दुईवटा बाटो हुन्छन् । एउटा जननिर्वाचित अनि अर्को आन्दोलनबाट आएका नेता । अन्तरिम सरकारमा यी दुवैखाले व्यक्ति छैनन् । जेनजी आन्दोलनको जगमा उभिएको सरकारमा जेनजी नै सहभागी छैनन् । प्रधानमन्त्री कार्कीले जेनजीकै सहमति र सिफारिसमा मन्त्रीहरू छानेको बताउँदै आएकी छन् । त्यसमा शंकाको लाभ दिन सकिएला । अब हेर्नु छ, सरकारको अर्जुन दृष्टि आमचुनाव हुन्छ कि हुँदैन । किनभने तोकिएको समयमै चुनाव गरेर वैधानिक सरकारलाई सत्ता हस्तान्तरण गर्नुमै अन्तरिम सरकारको सफलताको मापन हुनेछ । आमचुनाव हुन नसक्ने स्थितिमा कार्की सरकारको औचित्य मात्र समाप्त हुनेछैन । अहिले विघटन गरिएको प्रतिनिधिसभा पुनर्स्थापनाको बाटो पनि खुल्नेछ ।

एउटा सुखद पक्ष, नेपालमा अहिलेसम्म बनेका सबै अन्तरिम चुनावी सरकारहरूले आफ्नो दायित्व पूरा गरेका छन् । राजनीति गिजोलिँदा अन्तरिम सरकार गठन गरेर चुनावमा जाने परिस्थिति सम्हाल्ने परम्पराजस्तै भइसकेको छ । २००७ सालको क्रान्तिपछि नौ वर्षसम्म चुनाव नै हुन दिइएन । २ जेठ २०१५ सालमा बनेको सुवर्णशमशेर राणाको अन्तरिम सरकारले ४५ दिन लगाएर चुनाव गराएपछि मुलुकले बिपी कोइरालालाई पहिलो जननिर्वाचित प्रधानमन्त्री पाएको थियो । २०४६ सालको जनआन्दोलनपछि कृष्णप्रसाद भट्टराई नेतृत्वमा बनेको सरकारले सात महिनामै संविधान र एक वर्षभित्र चुनाव गरेर सत्ता हस्तान्तरण गरेको थियो । २०६२/६३ को जनआन्दोलनपछि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको अन्तरिम सरकारले दुई वर्ष लगाएर सशस्त्र विद्रोही माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याए, मधेस आन्दोलनको सम्बोधन गरेर चुनाव गराए । त्यतिबेला सेनाका उच्च अधिकारीहरूले कांग्रेसले चुनाव हार्ने रिपोर्टिङ गरेका थिए । तर कोइराला कांग्रेसले हारे पनि देशले जित्छ भनेर चुनावमा होमिएका थिए ।

पहिलो संविधानसभा संविधान बनाउन नसकेर भंग भएपछि ट्र्याकबाहिर जान लागेको राजनीति सम्हाल्न आइपुगे, सर्वोच्च अदालतका प्रधान न्यायाधीश खिलराज रेग्मी । अहिलेजस्तै त्यतिबेला पनि निर्दलीय चुनावी सरकार बनेको थियो । सो सरकारले पनि आफ्नो दायित्व पूरा गर्दै २०७० मा दोस्रो संविधानसभा निर्वाचन गराएको थियो । यी सबै पृष्ठभूमिमा अहिलेको अन्तरिम सरकारलाई चुनाव टार्ने र संक्रमणकाल लम्ब्याउने छुट पक्कै हुनेछैन ।

















# दशैंमा देवगण नृत्य



■ प्रेममान डंगोल

राजराजेश्वरी घाटमा राति गणनाच देखाउँदा देखाउँदै सूर्योदय हुन लागेको पत्तै भएनछ । अनि त्यही स्थानमा नवदुर्गा भवानीको देवघर बनाई देवता स्थापना गरिएको हो भन्ने भनाइ छ ।

नेवारहरूको मौलिक एवं तान्त्रिक मोहनी दशैंका बेला उपत्यकाका विभिन्न स्थानमा देवीदेवताका महिमा प्रदर्शन गर्दै देवगण नाच नचाउने चलन परापूर्वकालदेखि चल्दै आइरहेको छ ।

हरेक वर्ष दशैं आश्विन कृष्ण दशमीको रात्रिदेखि भक्तपुरमा नवदुर्गा गणका नाच नचाइन्छ । भक्तपुर, काठमाडौंको पशुपति, हनुमानढोका, पाटन दरबार स्क्वाएर, बनेपा, पनौतीका विभिन्न स्थानमा गणनाच नचाउने परम्परा छ । राजा शिवदेवको पालामा भक्तपुरको गणनाच पशुपति क्षेत्रमा रहेका नौवटा शिवलिंग, नौवटा कुण्ड, नौवटा टोल, नौथरी जातका नेवार रहेको स्थान गौशालाको राजराजेश्वरी घाटमा राति गणनाच देखाउँदा देखाउँदै सूर्योदय हुन लागेको पत्तै भएनछ । अनि त्यही स्थानमा नवदुर्गा भवानीको देवघर बनाई देवता स्थापना गरिएको हो भन्ने भनाइ छ । त्यो गणनाच उज्यालो नहुँदै रात्रिमै भक्तपुर फर्काएर लैजानुपर्नेमा नाच्दानाच्दै उज्यालो हुन गएकाले नवदुर्गाको गणनाचका सबै गणहरूले देवीका मुकुट र पोसाक त्यहीँ छोडेर भक्तपुर फर्कनुपरेको थियो रे । त्यहीबेलादेखि भक्तपुरमा नवदुर्गाका मुकुट प्रत्येक वर्षमा जलाएर नयाँ बनाउँदा काठमाडौंमा पनि आएर सोही राजराजेश्वरी घाटमा स्थापना गरिएका नवदुर्गाका मुकुट र पोसाक पनि त्यही मसानघाटमा जलाई नयाँ पहिराउने चलन छ । अहिलेसम्म राजेश्वरीघाटमा नवदुर्गा गणनाच नचाउँदै आइएको छ । भक्तपुर र काठमाडौं दुवै स्थानमा नवदुर्गाको पुरानो देवीगणका मूर्ति बनाउनुपर्दा भलभल अष्टमीका दिन असार महिनामै बनाउनुपर्छ । पाशुपत क्षेत्रमा १२ वर्षमा एकपटक दशैं पाटनको हरिसिद्धि गणनाच, ठिमी वोडेको नील बाराही नाच नचाउने परम्परा पनि छ । गणनाचमा चार भैरव, चार बाराही, चार देवी, कंकाल र ख्याकको संयुक्त नाच नचाउने परम्परा छ ।

हरेक वर्ष दशैं पञ्चमीका दिन पचली भैरवको जात्रा मनाएझैं १२ वर्षमा एकपटक दसैंमा दशमीका दिनदेखि वर्षभरि नै पचली भैरवको गणनाच नचाउने गरिन्छ । १२ वर्षमा एकपटक वर्षभरि नचाइने गणनाच राष्ट्र प्रमुखको हातबाट पचली भैरवसँग खड्ग साटिसकेपछि मात्र सुरु गरिन्छ । देशमा अशान्ति, युद्ध, रोग, शोक आदि केही नहोस् र शत्रु नास गर्न सकियोस् भनी गणनाच नचाइने हो भनिन्छ ।

१२ वर्षे पचली भैरवगण नाचमा धुम्बा, सिम्बा, मनमय्जु (इनद्रायणी), अजिमा (चामुण्डा), बाराही, कुमारी, नारायणी, दुरुपति (रुद्रायणी), ब्रम्हायणी र गणेशलाई तान्त्रिक साधना गरी देवता हुने मानिसलाई ज्याबहालको देवघर अगाडि संयुक्त गणनाच नचाउने गरिन्छ । त्यसपछि मल्लकालीन थकु जुजुको (राबा) घर र हनुमानढोकाको नासल चोकमा विधिवत् गणनाच नचाइन्छ । देवगण जामा, मुकुट गहना लगाएर सिंगार गरी हातमा थरीथरी हतियार समाएर आउने गर्छन् । दुरुपतिबाहेक सबै देवगणले राँगो, कुखुरा, हाँस बलि लिँदा पुरै शरीर कमाउँदै आलो रगत पिउँछन् । देवगणहरूले यसरी बलि दिँदा धेरैले आश्चर्य मानी हेर्ने गर्छन् ।



कलिगत सम्वत् ३८२५ (ईसं ७२४) मा राजा गुणकामदेवले पचली भैरवको स्थापना गरेर कान्तिपुर नगर निर्माण गरेका हुन् । यसका साथसाथै काठमाडौंको दक्षिण भेगको क्षेत्रपालका रूपमा पचली भैरवलाई मान्ने गरिएको हो भनिन्छ । सुरुमा पचली भैरवका पुजारी राजोपाध्यायको शरीरमा प्रत्यक्ष भई देवतासँग सिधै कुरा गर्ने गर्दा रहेछ । एक दिन देवतालाई फुल राख्न लगेका गथु पुजारीले राजोपाध्यायले देवतासँग कुरा गरिरहेको देखेछ । उत्तिनै खेर पचली भैरव उही गथुको शरीरमा चढेर अबदेखि गथुको नेतृत्वमा नै गणनाच नचाउनु भन्ने आज्ञा भएछ । सोही समयदेखि गथु समुदायद्वारा नै गणनाच चलाएका हुन् ।

पाँच वर्षमा एकपटक मखनको तारिणी बहाल सिंह दोबाटोमा भद्रकालीसँग राष्ट्र प्रमुखले खड्ग साट्ने गरिन्छ भने १२ वर्षमा एकपटक दशैं काष्ठमण्डपमा भुतिसः अगाडि पचली भैरवसँग राष्ट्र प्रमुखले खड्ग साट्ने गरिन्छ । मोहनीको दशमी टिकाको रात्रिमा यसरी खड्ग साट्दा राज्य स्थिर हुने र देशमा शान्ति कायम हुने भन्ने मान्यता छ । देशको चारैतिर स्थापना गरिराखेको अष्टमातृकामध्ये भद्रकाली र पचली भैरवलाई कडा पीठका रूपमा लिने हुनाले यी दुवै स्थानमा केही पनि विघ्नबाधा नआओस् भनी राष्ट्र प्रमुखले खड्ग साटेर शक्ति स्थिर गर्नुपर्ने हो भनिन्छ । गणनाचमा गणेश, भैरव, मनमय्जु, धुम्बा, सिम्बा, दुरुपति, भद्रकाली, कंकेश्वरी अजिमा, बाराही र पचली भैरवका साथै १२ जना देवताका वर्ष दिनसम्म टोल टोलमा गणनाच नचाउने परम्परा छ । परम्पराअनुसार २०६० सालको दशैं राजा ज्ञानेन्द्रले देवतासँग खड्ग साटेर खड्गसिद्धि गरेका थिए । हाल मल्लकालीन राजाका सन्तान थकु जुजुबाट यो कार्य गरिँदै आएको छ ।


पाटनको ठेचोमा १२ वर्षमा एकपटक नचाइने नवदुर्गागण नाच पनि दशैंको पूर्णिमाका दिनदेखि नचाउने गरिन्छ । किरातकालीन राजामध्ये सबैभन्दा पछिल्ला राजा गास्तीका वंशका गथु र आदिवासी ज्यापु समुदायको संयुक्त रूपमा भाग लिइने ठेचो नवदुर्गा गणनाचमा दक्षिणकाली अजिमा, मनमय्नु (महालक्ष्मी), म्हासुख्वाः (पहेंलो) माजु (ब्रम्हायणी), कुमारी, वाउँख्वाः (हरियो) माजु (विष्णुदेवी), गणेश, तुयूख्वाःम्ह (गंगादेवी) सिम्बा, धुम्बा, भैरव, बाराहीसहितका देवगणका संयुक्त नाच नचाउने गरिन्छ । यो नाचमा पूर्वमा कर्मनसा, पश्चिममा नख्खुको बीचको करिब १३ हजार ५ सय रोपनी जति क्षेत्रफल भएको ठेचोसँगै बज्रबाराही, लेले, सुनाकुथि, धपाखेल (नागदहः)को वस्तीलाई पनि समेट्ने यो जात्रालाई ललितपुरको सात गाउँको जात्रा पनि भन्ने गरिन्छ ।

सुन्नमा आएको किंवदन्तीअनुसार पछिल्लो किराती राजा गास्तीका वंशका गथु समुदायलाई लिच्छवीहरूले लखेट्दै मार्न लाग्दा खोलाछेउका खेतमा खाल्डो खाल्डोमा लुकिरहेकालाई पनि घेरामा पारेर मारिदिएछन् । यसरी मार्दा त्यहाँ रगतको खोला बगेछ । त्यही समयदेखि वडा नं. १ स्थित रहेको त्यस खोलालाई हिल्वः खुसी रगत बग्ने खोला भन्ने गरिएछ । यसरी भएको हत्यकाण्डमा भागेर गएकामध्ये बाँचेका गथु र ज्यापुहरूले संयुक्त रूपमा सबै जात्रा मनाउँदै आइरहेका छन् ।

ठेचोको नवदुर्गागण नाचको तयारी बःमरि पूर्ण अर्थात् धान्य पूर्णिमा मंसिर महिनादेखि गरिने हो ।

१२ बर्से गणनाचका लागि एक वर्ष अधिदेखि ठेचोमा बसेकाहरूले, व्रतबन्ध, विवाह जस्ता कुनै पनि शुभकर्म गर्न नहुने चलन छ । त्यस्तै आफन्त, इष्टमित्र, साथीभाइहरू पनि गाउँ घुम्न आउने र परमा वास बस्न नहुने चलन छ । पाहुनालाई घरमा वर्षदिनसम्म बस्न दिएर नाच देखाइ रह्यो भने देवीको आगम परमा गई दही चिउरा खाने इच्छा हुने र गुधियारहरूसँग गएर दही चिउरा खान माग्न गएमा देवीलाई नै बलि दिई त्यो मान्छेको धुलो बनाई १२ वर्षसम्म नरधूप देवीलाई दिइन्छ भन्ने भनाइ छ । तर यसको आधिकारिक पुष्टि भने भएको देखिँदैन ।

दशैंको सप्तमीमा नवदुर्गा जगाउन लेलेको तीनपाते भन्ने ठाउँबाट आगर्सी ल्याएर नाच सिकाउने चोकमा वल्चा बनाएर १२ वर्षको ठेचो गणनाच सुरु गरिने हो । देवताको जिउमा जगाउन महालक्ष्मीका लागि यामु न्यौं पोखरी, विष्णुदेवीलाई धापाखेल नागदहः, गंगा र गणेशलाई ठेचोको गलबलबाट जल ल्याएर गोप्य पूजा गरेर मुकुट र पोसाक पहिराउने गरिन्छ । दशैंको सप्तमीमा ३४ जना ज्यापु र क्युका गुथियाहरूले जोगी बाजा बजाएर सुनाकुधि पीठमा जिउँदो परेवा, भंगेरा, सर्प, राँगो र हाँस यज्ञमा होम गरेर १२ बर्से गणनाचको सुरुवात गरिन्छ । गणनाचमा देवगणहरूले राँगाको आलो रगत पनि पिउने गर्छन् ।




# जनमत बुझ्दै नेता




■ विमला ढकाल

संविधान जारी भएको १० वर्षसम्म पनि पूर्णतः कार्यान्वयन हुन सकिरहेको छैन । यहीबेला संविधानले परिकल्पना गरेभन्दा बाहिरबाट नयाँ सरकार बन्ने राजनीतिक परिस्थिति बन्यो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता शिशिर खनाल यसवर्षको दशैंमा अमेरिका हुनेछन् । जहाँ पारिवारिक भेटघाटका साथै नेपाली समुदायसँग समेत भलाकुसारी हुनेछ । त्यसपछि खनाल नेपाल फर्किनेछन् र निर्वाचन क्षेत्रका जनतासँग छलफलमा हुनेछन् । त्यसो त नेपाली समाज भेट्यो कि राजनीतिको गफ गर्ने प्रवृतिको छ । यसपटक जेनजीको आन्दोलनले दुई दिनमै दुई तिहाइ बहुमतको सरकार ढालिदिएको छ । यो कसरी भयो ? कसले गर्‍यो ? अब के हुन्छ ? यी प्रश्न, जवाफ र जिज्ञासाले यस वर्षको चाडपर्व रंगीन हुँदै छ । यसखाले चासो र छलफललाई राजनीतिक दल र शक्ति समूहले भने संविधानप्रति जनताको मत बुझ्ने अवसरका रूपमा लिँदै छन् । गाउँभरिका मान्छेहरू जम्मा भएको ठाउँमा हुने संविधानबारे छलफल र चासोले जनमत बोलिरहेको हुन्छ । त्यसआधारमा चाडपर्वपछि संविधान संशोधनको एजेन्डा तय गर्ने तयारीमा राजनीतिक दल र शक्ति समूह रहेको देखिन्छ । किनभने आगामी चुनावमा दल यही एजेन्डा लिएर जाँदै छन् ।

नेपालको संविधानले सरकार गठनको चार प्रकारको परिकल्पना गरेको छ । एकल बहुमतको सरकार, दुई वा दुईभन्दा बढी दलको सरकार, सबैभन्दा ठुलो दलको नेतृत्वमा सरकार । यी तीन प्रकृतिका सरकार बन्न नसके स्वतन्त्र सांसद्को नेतृत्वमा सरकार बन्ने चौथो परिकल्पना छ । यी व्यवस्था संविधानको धारा ७६ मा छ । तर जेनजी आन्दोलनपछि बनेको सरकार संविधानको धारा ७६ अनुसारको सरकार होइन । यो पाचौं प्रकृतिको सरकार बन्दा संविधानले लिक छाडेको छ । राष्ट्रपतिको




काम, कर्तव्य र अधिकारबारे रहेको संविधानको धारा ६१ अन्तर्गत राष्ट्रपति रामचन्द्र पौडेलले सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरे । लिगबाहिर गएको सरकार गठनको यो अवस्थालाई संविधानमा कसरी सम्बोधन गर्ने हो ? यसबारे दलहरूले जनताको मत बुझ्नुपर्नेछ ।

अर्कोतर्फ नेपालको संविधान जारी भएको १० वर्ष भयो । संविधानले नै १० वर्षमा पुनरावलोकन हुने भनेर आफ्नो समीक्षाको समयसीमा आफैं तोकेको छ । संविधान जारी हुँदादेखि नै मधेश केन्द्रित दलले संशोधनको खाँचो औंल्याउँदै आएका छन् । माओवादी केन्द्रले संविधान जारी गर्दा नै फरक मत दर्ज गरेको छ । जेनजी आन्दोलनले पनि शासकीय स्वरूप, निर्वाचन प्रणाली, सांसद मन्त्री बन्न नपाउनेलगायतका एजेन्डा अगाडि सारेका छन् । यी माग पूरा गर्न संविधान संशोधन गर्नुपर्छ । यसकारण अब प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखमा जाने कि नजाने ? भनेर दशैंका अवसरमा जनमत संकलन हुनेछ । पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाने कि, पूर्ण प्रत्यक्षमा जाने कि अहिलेकै जस्तो मिश्रित निर्वाचन प्रणालीमै रहने भन्ने विषयमा पनि नागरिकका राय बुझिनेछन् । सांसदलाई मन्त्री बनाउँदा विधायिकी कार्य प्रभावित भएको र यही कारण नीतिगत भ्रष्टाचारसमेत मौलाएको तर्क गर्नेहरूले दशैंलाई यसबारे जनमत बुझ्ने अवसरका रूपमा लिनेछन् । यसबाहेक संविधानमा अरू केही सुधार आवश्यक छ वा छैन ? नागरिक मत बुझेर अगाडि बढ्न राजनीतिक दल र शक्ति समूह सबैका लागि अवसर बनेको छ ।

आगामी फागुन २१ गतेका लागि चुनावको मिति तोकिएको छ । दशैं, तिहार, छठलगायतका पर्व सकिएपछि चुनाव आउन साढे तीन महिना बाँकी हुनेछ । राजनीतिक दल र उम्मेदवारलाई एजेन्डा तय गर्न र जनतामा जान यो निकै छोटो समय हो । यसकारण पनि उनीहरूलाई दशैं संविधान संशोधनबारे जनमत बुझ्ने र एजेन्डा तय गर्ने अवसर हो । यस अवसरमा संविधान कार्यान्वयको वर्तमान अवस्था कस्तो छ भनेर समेत समीक्षा हुनेछ । २०७२ सालमा जारी संविधानअनुसार २०७४ सालमा तीन तहको सरकारको चुनाव भएसँगै राजनीतिक संघीयता कार्यान्वयनमा आएको छ । तर संघीयता कार्यान्वयन भएको मानिने अर्को आधार कर्मचारीतन्त्र अझैसम्म केन्द्रीकृत नै छ । संघीय निजामती सेवा ऐन नबन्दा स्थानीय तह र प्रदेशमा संघकै कर्मचारी छन् । सरकार भएपछि चाहिने भनेको जनप्रतिनिधि पछि कर्मचारी हो । जो १० वर्षसम्म संघकै खटनपटनमा रह्यो । संविधान कार्यान्वयन भएको मानिने अर्को आधार हो- सुरक्षा संयन्त्रको विकेन्द्रीकरण । सरकार भएपछि कर्मचारीसँगै प्रहरी पनि हनुपर्ने हो । तर संविधान जारी भएको १० वर्षसम्म प्रदेश सरकारले प्रहरी चलाउने अधिकार पाएका छैनन् । किनभने यसअवधिमा प्रहरी समायोन नै हुन सकेन । २०७६ सालमै प्रहरी समायोजन ऐन बने तापनि संघीय प्रहरी ऐन केन्द्रीकृत नै छ । प्राकृतिक स्रोत र साधनको प्रयोगको विषयमा पनि तीन तहको क्षेत्राधिकार प्रस्ट गरिएको छैन । जसले संविधान कार्यान्वयनलाई सही गतिमा अगाडि बढाउन सकिरहेको छैन । संविधान जारी भएको १० वर्षसम्म पनि पूर्णतः कार्यान्वयन हुन सकिरहेको छैन । यहीबेला संविधानले परिकल्पना गरेभन्दा बाहिरबाट नयाँ सरकार बन्ने राजनीतिक परिस्थिति बन्यो । यसको समेत समीक्षा गर्ने र संविधानलाई कसरी अगाडि बढाउने भनेर सरोकारवाला बहस र विमर्शमा रहेका बेला चाडपर्व परेको हो । यस कारण पनि यो समय संविधान बुझ्ने, कमजोरी पत्ता लगाउने र सुधार गर्न जनमत बुझ्ने महत्वपूर्ण अवसर हो ।























# अन्तरिम सरकारको जग र आमअपेक्षा



■ जीवन शर्मा

"स्थितिलाई सामान्यीकरण गर्दै शान्ति, सहमति र सहकार्यका साथ अघि बढ्नुपर्ने अहिलेको आवश्यकता हो । यसैको जगबाट स्थापित पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार बनेसँगै मुलुकले निकास पाउने आमअपेक्षा छ ।"

नेपालमा पटकपटक भएका व्यवस्था परिवर्तनका आन्दोलनभन्दा गत भदौमा २३ र २४ (दुई दिन) भएको जेनजी आन्दोलनले कयौं गुणा ठुलो परिवर्तन ल्याएको छ। यसअघिका हरेक आन्दोलनले मुलुकमा व्यवस्था परिवर्तनको जग बसाए पनि ती आन्दोलनको समयसीमा लामो थियो । तर दुई दिनमै राज्यसत्ता कब्जाको स्थिति आउनु युवा आन्दोलनको उपलब्धिलाई महत्वका रूपमा हेरिएको छ । त्यस मानेमा यो आन्दोलनले परिर्वतनको जस पाएको छ। व्यवस्था परिवर्तनका हरेक आन्दोलन सामान्य थिए भन्न खोजिएको होइन् । ती आन्दोलनबाट भएका परिवर्तनले पञ्चायती, राणा र राजाको शासन ढलेको इतिहास हामीमाझ धेरै पुरानो छैन । त्यसलाई हामीले बिर्सन हुँदैन । तर प्रत्येक १० देखि १५ वर्षभित्रमा मुलुकमा कुनै न कुनै ढंगले परिवर्तन भइरहेको कुरालाई पनि हामीले सचेतताका साथ ग्रहण गर्नै पर्छ।

संविधान सभामार्फत संविधान जारी भएपछिको एक दशकमा देशमा फेरि परिवर्तनको आगो बलेको छ। यसबाट मुलुक र जनताका पक्षमा सकारात्मक परिवर्तनको अपेक्षा गर्न सकिन्छ । जेनजी आन्दोलनको सुरुवाती चरण (२३ भदौ)मा व्यवस्था परिवर्तनको पक्षभन्दा पनि मुलुकमा बढ्दो भ्रष्टाचार, कुशासन र नागरिकका संवैधानिक अधिकार (सामाजिक सञ्चाल बन्द) कुण्ठित हुनेगरी सरकारले गरेको असंवेदनशील निर्णय र गलत क्रियाकलापको विरुद्धमा थियो । वर्तमान संवैधानिक तथा राजनीतिक व्यवस्थामा नै नागरिकको अवस्था परिवर्तनको विकल्प खोज्न गरिएको भद्र आन्दोलन एकाएक स्वरूप परिवर्तन गरेसँगै मुलुकमा २७ घटामै कायापटल भयो। आन्दोलनमा सुरक्षार्थ खटिएका प्रहरीलाई फुलको गुच्छा दिएर शान्तिपूर्ण विरोधमार्फत सरकारलाई सच्याउन दबाब दिने उद्देश्य जेनजीका अगुवाहरूले दाबी गर्दै आएका छन्।

आन्दोलन एकाएक अनियन्त्रित हुँदा संसदका दुई ठुला दल नेपाली कांग्रेस (८९) र नेकपा एमाले (७८) सिटसहित जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टीसमेतको सहकार्यमा बनेको दुई तिहाइको शासनसत्ता आन्दोलनकारीको कब्जामा पुग्यो । प्रधानमन्त्री, मन्त्री र नेताहरू भागाभाग भए।

सामान्य संसदीय अभ्यासभन्दा बाहिर गएर संसदका दुई ठुला दलबीचको सत्ता सहकार्य आफैंमा अलोकतान्त्रिक थियो । यद्यपि स्थायित्व, सुशासन र नागरिक सेवा प्रवाहमा गुणस्तर वृद्धि गर्दै संविधान संशोधनमार्फत नागरिक अधिकारलाई थप बलियो बनाउने नेताहरूको घोषणालाई नागरिकले त्यस्तो अलोकतान्त्रिक कदमलाई स्वीकार गरेकै थिए । कांग्रेसको मुख्य सहयोगमा बनेको केपी ओली नेतृत्वको सरकारले मुलुक र जनताको पक्षमा सकारात्मक सन्देश दिएअनुसार नागरिकले केही अपेक्षा गरेर एक वर्षसम्म पर्खिएरै बसेका थिए। तर नागरिक तहमा सरकारले बाडेका आश्वासन केवल कुरामै सीमित गरेर आफ्नो पुरानै ढर्रालाई छाडेनन् । यसबाट आजित युवा पुस्ताले सरकारलाई अझै सच्याउन सकिन्छ कि भनेर लागि नै रहेका थिए।

राजनीतिक दल र तीनका नेताहरूप्रतिको वितृष्णा घटाउनेगरी कांग्रेसको मुख्य सहयोगमा बनेको एमाले ओली नेतृत्वको सरकारले काम गर्न सकेन। प्रधानमन्त्री ओलीको अहंकारको पारो अझै बढ्दै गयो। सरकारमा सहभागी मन्त्रीहरूको काम उद्घाटन, समापन, पार्टीका कार्यक्रम र विभिन्न गोष्ठीमै १४ महिना बित्यो । सरकारका मन्त्रीहरू र उच्च पदस्थ कर्मचारीका लागि नागरिकका सामान्य काम गर्न पनि घुस टक्र्याउने पर्ने अवस्थाले निरन्तरता पाइरह्यो। यिनै क्रियाकलापबाट आक्रान्त बनेका युवाहरूको सरकारप्रतिका आक्रोश र अपेक्षा माटोमा मिल्यो र वितृष्णाहरूले चुली बढ्दै जाँदा मुलुकमा जनआन्दोलनको स्वरूप देखापरेको हो । नागरिक तहको वैधताको बाँध फुटेर सडकमा आइपुगेको कुरालाई हामीले नजरअन्दाज गर्न मिल्दैन। यसैको विकल्पमा आमयुवाहरूमा देखिएको आक्रोशको आगोले सिंगो मुलुक १ निमेसमै खरानी बनाइदियो।

२३ भदौमा भ्रष्टाचार विरोधी शान्तिपूर्ण भनिएको आन्दोलनलाई प्रहरी प्रशासनले गोली चलाउँदा स्थिति असामान्य बनेसँगै गोली लागेर १९ जना निहत्था विद्यार्थीको मृत्यु भयो । त्यसपश्चात् जेनजी मात्रै नभई आमनागरिक सडकमा उत्रिएर र २४ भदौमा ओली शासनको अन्त्य गरे। सयौं घाइत भए। घाइते भएकाहरूको उपचारका क्रममा मृत्यु भइरहेको छ। यो आलेख तयार पार्दासम्म कम्तीमा ७५ जना व्यक्तिको मृत्यु भइसकेको तथ्यांक सार्वजनिक भएको छ। आन्दोलन क्रममा मुलुकको प्रशासनिक निकाय सिंहदरबारस्थित अधिकांश मन्त्रालयका भवन, जिल्ला, उच्च र सर्वोच्च अदालत, राष्ट्रपतिको कार्यालय, नेपाल प्रहरीका देशभरका सबै कार्यालय आगो लगाएर ध्वस्त पारियो। युवा विद्यार्थीबाट सुरु भएको आन्दोलनको रूप जनआन्दोलन भन्दा भीषण भएपछि सुरक्षा निकायले समेत नियन्त्रण गर्न सकेन।



राजनीतिक दलमध्ये कांग्रेस, एमाले, माओवादीका शीर्ष नेताहरूको घर खोजीखोजी जलाइयो, नेताहरूमाथि समेत भेटेसम्म कुटपिट गरियो। पूर्वप्रधानमन्त्री समेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र पत्नी आरजु राणा देउवालाई आन्दोलनकारीले निर्घात कुटपिटबाट घाइते बनाएका थिए। उनको घर जलाएर पूर्णरूपमा क्षति पुऱ्याए भने केपी ओली, गगन थापा, शशांक कोइराला, पूर्णबहादुर खड्का प्रचण्ड, दीपक खड्का, विष्णु पौडेलसहित अधिकांश शीर्ष नेताको घरमा आगजनी र तोडफोड गरेका छन्। आन्दोलन नियन्त्रणबाहिर गएसँगै प्रधानमन्त्री, मन्त्रीहरू र तीनवटा दलका सबै शीर्ष नेताहरूको अर्बौं नाक्सानी भयो, व्यक्ति तथा व्यावसायिक भवन जले, मान्छेको मन जल्यो। तर पुराना सत्ताधारीले सहजै शासन छाड्न सकेनन्। यसैको परिणामस्वरूप मुलुकको अवस्था झनै भयावह हुँदै गएको छ।

यो स्थितिलाई सामान्यीकरण गर्दै शान्ति, सहमति र सहकार्यका साथ अघि बढ्नुपर्ने अहिलेको आवश्यकता हो । यसैको जगबाट स्थापित पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार बनेसँगै मुलुकले निकास पाउने आमअपेक्षा छ। आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको मिति तय गरेको सरकारले समयमै निर्वाचन गर्नुपर्ने सरकारको मुख्य जिम्मेवारी छ भने निर्वाचनमार्फत नै निकास खोज्नुपर्ने जिम्मेवारी दलसामु आइपुगेको छ । यस स्थितिलाई सहजीकरण गर्ने मुख्य दायित्व फेरि पनि सरकारकै हातमा छ।

राजनीतिक दलका केही नेताहरूको भागबन्डा, अस्थिरता र भ्रष्टाचारले थला परेको मुलुकमा कार्की नेतृत्वको सरकार जनताले फरक दृष्टिकोणले हेरेका छन् । प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रण र पारदर्शी निर्णय प्रक्रियामार्फत सुशासन कायम गर्ने कार्य प्राथमिकतामा पर्ने विश्वास नागरिकले व्यक्त गरेका छन्। सुशीला कार्की नेतृत्वको सरकार बनेपछि आमनागरिकदेखि राजनीतिक विश्लेषकसम्ममा नयाँ आशा जागेको छ। न्यायिक पृष्ठभूमिबाट आएका कार्कीको निष्पक्ष छवि र निर्भीक निर्णय क्षमता छ भन्ने विश्वास टुटेको छैन। त्यो विश्वासलाई व्यवहारमा परिणत गर्नुपर्ने दायित्व कार्की सरकारकै हो।

आन्दोलनका क्रममा भएको नरसंहार र सम्पत्ति क्षतिको छानबिन तथा कारबाहीमा सरकार पूर्ण इमानदार र सशक्त रूपमा लाग्नु अनिवार्य सर्त हो। सो घटनाको छानबिन गर्न सरकारले बनाएको गौरीबहादुर कार्की नेतृत्वको समितिले यसअघिका विभिन्न घटनामा बनाइएका छानबिन समितिजस्तै झरा टार्ने काम गर्दैन भन्ने विश्वास दिलाउनेगरी काम अघि बढून् । यसअघिका अनेकन घटनाका प्रतिवेदन कार्यान्वयन नहुने परम्पराको निरन्तरता यो आन्दोलनले खोजेको छैन । त्यसतर्फ वर्तमान सरकारको ध्यान जान जरुरी छ। प्रतिवेदन बुझाउने छाड्ने र दराजमा थन्क्याएर राख्ने विगतको टालटुले समिति बनाउनुको अर्थ नरहेकाले सो घटनाको मिहीन छानबिन र प्रतिवेदन कार्यान्वयन हुनेगरी सरकारले काम गर्नुपर्ने दायित्व छ । आन्दोलनको मर्म मर्न नदिन यो सरकारको महत्वपूर्ण कार्य भ्रष्टाचार नियन्त्रण पनि हो । त्यसका लागि कम्तीमा २०४७ सालपछि सत्तामा रहेका सबै राजनीतिक दलका नेता, प्रशासक तथा उच्च पदस्थहरूको सम्पत्ति छानबिन र राष्ट्रियकरण गरिनुपर्छ । सरकारले मन्त्रिमण्डललाई पूर्णता दिँदै आन्दोलनका घाइतेहरूको निःशुल्क उपचार र अशक्त अपांग भएकाहरूको उचित व्यवस्थापन गर्नुपर्ने सरकारको जिम्मेवारीभित्र पर्छ। नागरिकलाई दिने दैनिक सेवाप्रवाहलाई चुस्तदुरुस्त पारदर्शी, छिटोछरितो र सुशासनमैत्री बनाउने वर्तमान सरकारको जिम्मेवारी हो भन्ने हेक्का राखेर आफ्ना नियमित कामलाई वर्तमानलाई सचेततापूर्वक अघि बढाउनुपर्ने दायित्व पनि सँगसँगै छ ।

राजनीतिक दलहरूको भागबन्डा, अस्थिरता र भ्रष्टाचारले थला परेको मुलुकमा कार्की नेतृत्वको सरकार जनताले फरक दृष्टिकोणले हेरेका छन् । प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रण र पारदर्शी निर्णय प्रक्रियामार्फत सुशासन कायम गर्ने कार्य प्राथमिकतामा पर्ने विश्वास नागरिकले गरेका छन् । अन्तरिम सरकारलाई तटस्थ 'सन्तुलनकर्ता'का रूपमा लिइन्छ। दलगत स्वार्थभन्दा माथि उठेर देशलाई निर्वाचनतर्फ डोऱ्याउने जिम्मेवारी यो सरकारको प्रमुख दायित्व भएकाले सरकारले अन्यत्र नअल्झी सबै राजनीतिक दललाई समेत विश्वासमा लिएर प्रतिनिधिसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नु नै मुलुक र जनताका हितमा हुनेछ । जेनजी आन्दोलनको परिवर्तनको चाहनासमेत यसैले केही हदसम्म सम्बोधन गर्न सक्छ।









# जेनजी आन्दोलनको सकारात्मक सन्देश



कृष्ण अधिकारी

जेनजी आन्दोलनलाई लोकतान्त्रिक अभ्यासलाई सुदृढ पार्दै भ्रष्टाचार नियन्त्रणसम्बन्धी जनचेतना र राजनीतिक दबाब सिर्जना गर्ने महत्वपूर्ण मोडका रूपमा लिन सकिन्छ । यस आन्दोलनले धेरै क्षेत्रमा सुधार गर्न मार्गनिर्देश गरेको छ ।

नेपालको लोकतान्त्रिक इतिहासमा फरक खालको परिवर्तन हालैको जेनजी आन्दोलनले ल्याएको छ । विगतका राजनीतिक आन्दोलनहरूको नेतृत्व पार्टीका वरिष्ठ नेताहरूबाट भए पनि आन्दोलनलाई निर्णायक अवस्थामा पुऱ्याउन युवाहरूको भूमिका महत्वपूर्ण रहने गरेको थियो । वर्षौंदेखिको तयारी र महिनौं दिनसम्मको आन्दोलनले मात्र सत्ता परिवर्तन सम्भव भएको थियो । तर यसपटक सतही रूपमा जम्मा दुई दिनको आन्दोलनले सत्ता फेरबदल मात्र गरेन, संवैधानिक लिकभन्दा फरक बाटोबाट मुलुकलाई डोऱ्याउने काम भएको छ ।

आन्दोलनका क्रममा करिब ७४ जनाले ज्यान गुमाउनुपऱ्यो भने केही ऐतिहासिक सम्पदालगायत निजी सम्पत्तिमा तोडफोड र आगजनी हुँदा अर्बौं मूल्यको नोक्सानी भएको छ । निश्चय नै यस आन्दोलनले नेपाली समाज, राजनीति र युवा पुस्तालाई गहिरो सन्देश दिएको छ । यस आन्दोलनमा सरकारी प्रशासनिक भवन, नेताका घरहरू, प्रहरीका भवन नष्ट भए पनि लोकतन्त्रप्रतिको जनआकांक्षालाई भने अझ जोडतोडका साथ उठाइएको पाइन्छ ।

नेपाली जनता स्वतन्त्रता, समान अधिकार र बहुदलीय लोकतन्त्रप्रति पूर्ण प्रतिबद्ध छन् । जब शासन व्यवस्था निरंकुश हुन्छ, जनता स्वतः प्रतिरोधमा उत्रिन्छन् भन्ने पाठ राम्रैसँग सिकाएको छ । शासनशैलीप्रति आमजनगुनासो रहे पनि संगठित रूपमा त्यसको प्रतिकार हुन नसक्दा राजनीतिक पार्टीहरूमा निरकुंश प्रवृत्ति झाँगिँदै गएको थियो । तर यसपटकको जेनजी आन्दोलनले मुलुकको राजनीतिक परिवर्तनमा युवाशक्ति नै मुख्य आधारशिला हो भन्ने तथ्यलाई प्रमाणित गरेको छ ।

जेनजी आन्दोलन सहर केन्द्रित देखिए पनि गाउँगाउँमा लोकतन्त्रको महत्वबारे सचेतना फैलिएको छ । शिक्षित वर्ग मात्र नभई सामान्य जनतामा पनि राजनीतिक चेतना बढेको छ । आन्दोलनमा युवा पुस्ताको नेतृत्व र सक्रियताले युवाशक्ति नै परिवर्तनको आधार हुन् भन्ने कुरामा कुनै सन्देह राखेन । गत भदौ २३ र २४ गते जेनजी युवाको अगुवाइमा भएको विरोध प्रदर्शन र आन्दोलन युवापुस्ताको चाहना, जनताको बढ्दो चेतनास्तर र मुलुकमा विद्यमान भ्रष्टाचारप्रतिको असन्तुष्टिको प्रतिविम्बका रूपमा लिन सकिन्छ । सुशासन, समृद्धि र विकासको क्षेत्रमा भएका कमीकमजोरी र त्यसबाट सिर्जित असन्तोष, अभाव वा अपेक्षा पूरा नभएकाले पनि यो आन्दोलनको जन्म भएको कुरालाई कसैले अस्वीकार गर्न सक्दैन ।




नेपालमा लोकतन्त्र स्थापनापछि जनताले जुन आशा र विश्वास राखेका थिए, त्यसमा राजनीतिक नेतृत्वबाट गम्भीर कुठाराघात मात्र भएन, शासन प्रणालीलाई नै विकृत बनाउने गरी भ्रष्टाचार, अनियमितता र गैरजवाफदेहितालाई प्रश्रय दिने काम भयो । लोकतन्त्रको जरा पारदर्शिता हो । लोकतन्त्रलाई बचाउन र सुदृढ बनाउन भ्रष्टाचार नियन्त्रण अपरिहार्य छ ।

राजनीति, प्रशासन र सार्वजनिक निकायहरूमा बढ्दो भ्रष्टाचार र दुरुपयोगप्रति विस्तारै नागरिक, विशेषगरी युवा पुस्तामा असन्तोष बढेको थियो । यही असन्तोषको प्रतिफलका रूपमा २०८२ साल भदौमा जेनजी आन्दोलन हुन पुग्यो । नेपालको इतिहासमा विभिन्न समयमा भएका आन्दोलनहरूको तुलनामा यसपटक शासन व्यवस्थामा मात्र होइन, सामाजिक चेतनामा पनि ठूलो प्रभाव पारेको छ । आन्दोलनले पारदर्शी शासन र सार्वजनिक पदमा बसेकाहरू जनताप्रति जवाफदेही बन्नुपर्ने कुरा जोड दिएको छ । भ्रष्टाचार नियन्त्रणबिना विकास सम्भव छैन । भ्रष्टाचार नियन्त्रणका लागि कानुनी शासन, स्वतन्त्र निकायहरूको मजबुती, शून्य सहनशीलता नीतिको कार्यान्वयन आवश्यक छ भन्ने सन्देश दिएको छ ।

विद्यार्थी, नागरिक अभियन्ता र सचेत युवाले सामाजिक सञ्जालदेखि सडकसम्म भ्रष्टाचारबिना लोकतन्त्र सम्भव छैन भन्ने चेतना फैलाएका छन् । युवापुस्ताले उठाएका रोजगारीको अवसर, गुणस्तरीय जीवनस्तर, सरकारका कामकारबाहीमा पारदर्शिता, कानुनी समानता, भ्रष्टाचारको अन्त्य, सुशासन र विकासजस्ता सवाल सबैका लागि उत्तिकै सरोकारका विषय हुन् । स्वदेशमै रोजगारीको अवसर नहुनु, गुणस्तरीय उच्च शिक्षा प्राप्त नहुनुका कारण दिनहुँ हजारौं युवा जनशक्ति विदेश पलायन हुने गरेको अवस्थामा अब पक्कै पनि ती युवाहरूको मुहारमा उज्यालोको धर्सा देखिएको छ ।

विभिन्न राजनीतिक आन्दोलन, प्राकृतिक विपद्हरूका घटनाहरूले मुलुक नराम्ररी थिलिए पनि छोटो समयमै तंग्रिएर लयमा आएको छ । यसपटक पनि ध्वस्त भएका संरचनाहरूको पुनर्निर्माण गर्न ठूलै आर्थिक स्रोत र समय लाग्न सक्छ तर सामूहिक सत् प्रयास, सद्भाव र सहयोगबाट तिनको पुनर्निर्माण हुन समय लाग्नेछैन । अहिले नै ध्वस्त भएका स्थानीयदेखि संघीय तहका सरकारी संरचनाहरूले जनतालाई पूर्ववत् सेवा दिन थालिसकेका छन् ।


जेनजी आन्दोलनलाई लोकतान्त्रिक अभ्यासलाई सुदृढ पार्दै भ्रष्टाचार नियन्त्रणसम्बन्धी जनचेतना र राजनीतिक दबाब सिर्जना गर्ने महत्वपूर्ण मोडका रूपमा लिन सकिन्छ । यस आन्दोलनले धेरै क्षेत्रमा सुधार गर्न मार्गनिर्देशन गरेको छ । युवा, महिला, बालबालिका, फरक क्षमता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेसी, थारू, पछाडि परेको वर्ग, समुदाय र सबै पुस्ताको भावना र अपेक्षालाई सम्बोधन गर्न दृढ संकल्पका साथ निरन्तर काम गर्नुपर्नेहुन्छ ।

यस आन्दोलनको मुख्य सन्देश भनेको निरंकुशता चिर्न सकिन्छ, लोकतन्त्रप्रतिको जनआकांक्षा दबाउन सकिँदैन र युवाशक्ति नै मुलुकलाई परिवर्तनतर्फ डोऱ्याउने प्रेरक शक्ति हो भन्ने हो । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनलाई स्वच्छ, निष्पक्ष, कम खर्चिलो एवं भयरहित वातावरणमा सम्पन्न गरी युवापुस्तालगायत सबै वर्ग, क्षेत्र र समुदायको अपनत्व सिर्जना गराउन सकिएमा मात्रै यस आन्दोलनले पूर्णता पाउन सक्छ । यस आन्दोलनले मुलुकमा राजनीतिक स्थायित्व, जनजीविकामा सुधार र जनउत्तरदायी शासन प्रणालीलाई बल पुग्ने आशा गरिएको छ । युवा पुस्ताले गरेको सक्रियता र बलिदानले पारदर्शी शासन र जवाफदेहिताको बाटो खुलाएको छ । यस बाटोले मुलुकलाई निश्चय नै समृद्धितर्फ लैजान्छ भन्ने अपेक्षा गरिएको छ ।












# दियो बाल्दै न्यायालय



मुकुन्द लामिछाने

> अदालत न्यायको आस राख्ने ठाउँ हो । कतिपयले यसलाई न्यायको धरोहरका रूपमा लिन्छन् । यस्तो धरोहरले जस्तोसुकै संकटमा पनि न्यायका लागि आफूलाई सधैं खुला राख्छ भन्ने उदाहरण सर्वोच्च अदालतले प्रस्तुत गरेको छ ।



सर्वोच्च अदालतको प्रशासन शाखाका अनुसार दशैंमा पनि न्यायिक कामकारबाही हुनेछन् । असोज ६ गते घटस्थापनाको दिनदेखि असोज २० गते कोजाग्रत पूर्णिमाको दिनसम्म दशैं छ । यस अवधिमा घटस्थापना, विजया दशमी, कोजाग्रत पूर्णिमाको तीन दिनबाहेक सुनुवाइ हुनेछ । सर्वोच्च अदालतको प्रशासन शाखाले सूचना नै निकालेर भनेको छ, 'बन्दी प्रत्यक्षीकरणको रिट निवेदन लिई सुनुवाइ गर्न बिहान ११ बजेदेखि अपरान्ह ३ बजेसम्म अदालत खुला रहनेछ । अर्थात् दशैंको समयमा समेत बन्दी प्रत्यक्षीकरणको रिट निवेदन लिई अदालतले सुनुवाइ गर्नेछ । अन्य रिट लिएर काम गर्न त अदालतको संरचना नै ध्वस्त छ ।

भदौ २४ गते सर्वोच्च अदालतमा आगलागी भएको थियो । सर्वोच्च अदालत मात्रै होइन, सिंहदरबार, संघीय संसद् भवन, देशभरका सरकारी र सार्वजनिक तथा निजी सम्पतिमा तोडफोड र आगजनी भएका छन् । प्रहरी बिट जलेका छन् । भ्रष्टाचार नियन्त्रण र सुशासनको माग राख्दै भएको प्रदर्शनमा उत्रिएकाहरू राज्यबाट दमन भएपछि आक्रोशित भएका थिए । भदौ २३ गते एकै दिन १९ जना युवाले ज्यान गुमाएका थिए । हाल यो संख्या बढेर ७४ पुगिसकेको छ । युवाहरूमाथि प्रहरी दमन भएको भनेर आक्रोशित भएको भीडले सर्वोच्च अदालतको भवनमा समेत आगो लगाइदियो । अदालतमा रहेका महत्वपूर्ण फैसला, आदेश र दस्तावेज जलेर नष्ट भए । सर्वोच्च अदालतको भवनमा बस्न नमिल्ने भनेर प्राविधिकको टोलीले रेड स्टिकर नै टाँसिदिएको छ । यस अवस्थामा सर्वोच्च अदालत परिसरमै पाल टाँगेर इजलास बस्दै आएको छ । यस्तो इजलास दशैंमा पनि रहने भएका हुन् । दशैंका बेला समेत बन्दी प्रत्यक्षीकरणको रिट निवेदन लिई सुनुवाइ गर्न बिहान ११ बजेदेखि अपरान्ह ३ बजेसम्म अदालत खुला रहनेछ ।

अदालत न्यायको आश राख्ने ठाउँ हो । कतिपयले यसलाई न्यायको धरोहरका रूपमा लिन्छन् । यस्तो धरोहरले जस्तै संकटमा पनि न्यायका लागि आफूलाई सधैं खुला राख्छ भन्ने उदाहरण सर्वोच्च अदालतले प्रस्तुत गरेको छ । राज्यका अन्य निकाय उठ्ने क्रममा रहेका बेला सर्वोच्च अदालतले सुरुमै इजलास राख्नेगरी आफूलाई प्रस्तुत गरेको थियो ।

अधिवक्ता लीलानाथ घिमिरेका अनुसार 'नेपालको सर्वोच्च अदालत हरेक नेपालीको अन्तिम आशाको केन्द्र हो ।' उनका अनुसार 'अदालतको भवन केवल इँटा र काठको भवन होइन, यो न्यायको मन्दिर हो, जहाँ जनताको विश्वास, संविधानको आत्मा र नेपालको न्यायिक इतिहास जीवित रहन्छ ।' घिमिरेका बुझाइमा 'अदालतले आँसु र आशाको पुल बाँधेको छ ।'

उनका अनुसार अदालतको भवन जल्दै गर्दा महत्वपूर्ण कागजातहरू जले, ती केवल कागजका टुक्रा थिएनन्, ती त मानिसहरूको जीवनका कथा थिए- वर्षौंसम्मको संघर्ष, आँसु र आशाका आधार थिए । हरेक पानामा कसैको रगत र पसिनाको गन्ध थियो, कसैको सपनाको सास थियो । सर्वोच्च अदालतको फैसलाले देशको दिशा बदल्न सक्छ । चाहे त्यो संवैधानिक विवाद होस्, चाहे सामान्य नागरिकको न्यायको लडाइँ, सर्वोच्च अदालत सधैं अन्तिम आशाको पहाडजस्तो उभिन्थ्यो, फेरि पनि उभिइरहनेछ । यो आशाको दियो फेरि पनि जगाइरहन अदालत पालमै भए पनि खुला छ ।

सर्वोच्च परिसर पुग्दा घाम होस् या झरी पाल टाँगिएको हुन्छ । झरीले भुइँमा पानीको आहाल देखिन्छ । आगजनीपछिको धुलो र पानी मिसिँदा कालो हिलो गन्ध पालभित्रै पुग्छ । त्यसमा अदालतका कर्मचारी देखिन्छन् । जहाँ पालमुनि एउटा कुर्सी र टेबल छन् । सानो कुर्सी र टेबुल अनि ठिक सामुन्ने एउटा कुर्सी र टेबुल राखेका छन् । पछाडिपट्टि लहरै केही बेन्च मिलाएर राखिएका छन् । भव्य भवनको इजलासको दृश्य पालमुनि देखिन्छ । जहाँ मुद्दाका सुनुवाइ हुन्छन् । त्यही पालभित्र छिरेर मुद्दाको फाइल पढिन्छ । भव्य भवनमा जस्तै पालमुनिको इजलासमा न्यायाधीश छिर्छन् । अदालतका कर्मचारी र कानुन व्यवसायी जर्‍याकजुरुक उठे र नमस्कार गर्छन् । पालबाहिर सुनुवाइ सुन्नेहरू हुन्छन् । पालभित्रै बसेर मुद्दाको सुनुवाइ हुन्छ, पक्ष र विपक्षमा तर्क प्रस्तुत हुन्छन् । सुन्दा काल्पनिकजस्तो लाग्ने यो दृश्य सर्वोच्च अदालत परिसरमा छ । जो दशैंका बेला समेत देखिनेछ । अर्थात् संकटमा पनि अदालत जनताका लागि खडा भएर न्याय दिन तयार देखिन्छ । संकटका बेला यो अन्य क्षेत्रका लागि समेत प्रेरणाको स्रोत हो ।



















# ओझेलमा परेका चाडपर्वको यथार्थ



■ डा. बद्रीविशाल पोखरेल

❝ दशैंमा धेरै खालको मानव जीवनका प्राचीनतम पक्ष समाविष्ट छन् । दशैंलाई आयुध वा अस्त्र पूजा पनि भनिन्छ । यो मानव जीवनको प्रकृति र हिंस्रक जनावरसित लड्ने साधन हो ।

नेपाली मात्र होइन, वैश्विक चाडपर्वहरू पनि शारीरिक र मानसिक पुनर्ताजगी प्राप्त गर्ने पर्व हुन् । कृषि, उद्यम र उपार्जनजन्य श्रम कर्ममा मानव समाजले माटो भएर मिहेनत गर्छ र गरेको छ । यसपछि गलित र थकित तन र मनलाई पुनः उर्जावान् बनाउन मानव समाजले मानसिक र शारीरिक खुसी मनाउन थाल्यो । यसबेला चाडपर्वको नामकरण खासै भएन तर समय क्रममा यस्ता चाडपर्वमा धार्मिक सांस्कृतिक पक्षहरूको प्रवेश हुन गयो । हुँदाहुँदा धर्मका नाममा अतिवादी र अन्धवादी पक्षहरूलाई प्रवेश गराइयो । देवता र दानव, आदित्य र दैत्य, राम र रावण, हिरण्यकशिपु र प्रह्लाद, कंश र कृष्ण आदिआदि पक्ष र प्रतिपक्षलगायत विषय चाडपर्वमा घुसे तर मूलभूत संसारका रूपमा कुनै पनि चाडपर्व श्रममय जीवनमा शारीरिक र मानसिक थकान मेट्न र पुनर्ताजगी प्राप्त गर्न मानव समाजले सुरु गरेको सुस्पष्ट हुन्छ । नेवार समुदाय र संस्कृतिअन्तर्गत मनाइने चाडपर्व म्ह पूजा शरीर पूजा यसको एउटा सशक्त उदाहरण हो ।

दशैं आश्विन शुल्क पक्षमा प्रतिपदादेखि दशमी र त्यसपछि कोजाग्रत पूर्णिमासम्म मनाइने पर्व हो

**दशैं**

दशैं कृषि कर्म र त्यसको समापन पछि उत्साह, खुसी र पुनर्ताजागी प्राप्त गर्न सुरु गरिएको पर्व हो । रातो टीका सिकार, कन्दमूल र आहारका लागि आपसमा दुई कबिला पक्षका बीच भिडन्त हुन्थ्यो । भिडन्तमा जित्ने कबिलाले जितको खुसीमा विजित वा मारिएका कबिलाको रगतको रातो टीका लगाउन सुरु गरेको भन्ने भनाइ पनि रहेको छ । एकपटक विजयी भएपछि फेरिफेरि विजित भइरहने मानव मनोविज्ञान नै शाषक मनोवृत्तिमा रूपान्तर हुन थालेपछि हरुवा कबिलालाई सदा जित्ने कबिलाले कजाउन थाले । यही क्रमको विकसित रूप स्वामी र दास वर्गमा परिणत हुन गयो । अनि यही क्रममा दासहरूलाई दबाउन नीति, नियम, आचार, आचरण, संस्कार र संस्कृतिभित्र परोक्ष रूपमा स्वामी वर्गले आफूअनुकूल दृष्टिकोण क्रमशः प्रवेश गराए । यही संस्कृतिलाई आमसमुदायलाई स्वीकार्य बनाउन झ्याली पिटाएर उर्दी गरिएको देखिन्छ । सहज रूपमा यस संस्कृति स्वीकार नगरे दबाब दिने गरेको पनि देखिन्छ । यसरी दशैं दशैं नभएर पीडक वर्गको जय गानमा आधारित हुन गएको बुझिन्छ ।

सर्वप्राचीन अन्नबाली अन्न जमरा हो उम्रिएको खुसीमा जमरा टाउकोमा र शिरमा सिउरिने परिपाटीबाट सुरु भएको भन्ने पनि भनाइ छ । यस पर्वमा प्राकृतिक र दैवी आकस्मिक विपत्तिको रहस्य सही रूपमा बुझ्ने र विश्लेषण गर्ने न्यून चेतनाका अभावमा आदि मानवमा जगत् र जीवन सञ्चालन गर्ने अदृश्य र अलौकिक शक्ति रहेको चेतना सुरु र विकसित हुन पुगेको अनुमान गर्न सकिन्छ । यही न्यून चेतनाको फाइदा उठाएर समय क्रममा दशैं पर्वमा कतिपय सामाजिक, धार्मिक तथा सांस्कृतिक अतिवाद भित्रिएको देखिन्छ । नत्र स्वस्थ मनोरञ्जन प्रदान गरिने पर्वमा अमुक समाजिक, साम्प्रदायिक र तथा सांस्कृतिक प्रभाव समायोजन गरियो । त्यसैले यसमा दुर्गादेवी र महिषासुर, राम र रावण, पृथिवीनारायण शाह र आदिवासी जनजातिलगायत साम्प्रदायिक पक्ष संस्कृतिका नाममा प्रवेश गराइयो । राजतन्त्रात्मक मुलुक नेपालमा दशैंको पहिलो टिको राजालाई अर्पण गर्ने परम्परासमेत सुरु गरियो । राजालाई प्रदान गरिने टीका घरको मूल खाँबोमा पहिले लगाएर मात्र परिवारजनले टीका लगाउने लगाउने परम्परा थियो ।

समयसँगै दशैं दुर्गा देवीले राक्षस राज महिषसुरलाई बध गरेको, रामले रावणमाथि विजय गरेकोजस्ता एउटा खास धर्म र संस्कृतीकरण गरिएको देखिन्छ । दशैंमा धेरै खालको मानव जीवनका प्राचीनतम पक्ष समाविष्ट छन् । दशैंलाई आयुध वा अस्त्र पूजा पनि भनिन्छ । यो मानव जीवनको प्रकृति र हिंस्रक जनावरसित लड्ने साधन हो । त्यसैगरी, यस पर्वमा मातृसत्ताको अवशेषस्वरूप दुर्गा पूजा रहेको मान्न सकिन्छ । तर आदि माता दुर्गा मात्र होइनन् र तिनको मात्र पूजा, भक्ति र श्रद्धा गरिने विषय एउटा अति हो, एक धर्म र संस्कृतिको प्रतीक हो । तर आदि माताको कुरा गर्दा हाम्रोजस्तो बहुसांस्कृतिक समाजमा धेरै समुदायसित सम्बन्धित आदि माता विद्यमान छन् । दुर्गा, युमा, सुम्निमा, पाथीभरालगायत अनेक मातृशक्ति नेपालमा रहेका छन् ती सबलाई एउटै थलोमा राखेर वा तिनको मुखुण्डो लगाएर सामूहिक शोभायात्रा र




पूजासहित दशैंलाई अर्को महान् र सबै नेपालीको चाडका रूपमा मनाउन सकिन्छ ।

दशैंको रातो टीका विजय, शुभ र उत्साहको प्रतीक हो भने सेतो शुभ्रता र स्वच्छताको प्रतीक हो । आदिवासी जनजातिले लगाउने दशैंको सेतो टीका यस्तै खालको प्रकृति पूजकहरूले लगाउने टीका हो । किनकि रङको आविष्कार, प्रयोग र व्याकता धेरै पछि भएको हो । तर टीका त सौन्दर्य र शान्ति तथा समृद्धिको प्रतीक हो । अझ ऋषिमुनिहरूले लगाउने गरेको निधारमा चन्दनको टीका शीतलताको प्रतीक हो । त्यसैले दशैंलगायत पर्वहरूमा समयक्रमा भित्रिएका अनुपयुक्त पक्ष बिर्सिएर वा तिनलाई रूपान्तरण गरेर आमनेपालीको चाडका रूपमा विकास गर्न जरुरी देखिन्छ ।



















# वैदेशिक रोजगारमा जेनजी आन्दोलनको सन्देश



■ रेशमराज पौडेल

“ नयाँ सरकार र नयाँ मन्त्रीले यस क्षेत्रमा सुधारका लागि पाइपलाइनमा रहेका सेवा शुल्क परिमार्जनलगायतका कामलाई टुंगोमा पुऱ्याइ नयाँ गन्तव्य पहिचान गर्ने तथा नेपालमा रोजगारीको पर्याप्त अवसर नहुँदासम्म व्यवसायी र कामदार दुवैलाई सुरक्षित गर्ने कार्यक्रम तत्काल ल्याउनुपर्ने देखिन्छ ।

मुलुकमा भ्रष्टाचारको अन्त्य तथा सुशासन प्रत्याभूतिका लागि 'जेनजी पुस्ता'का कलिला किशोर-किशोरीको त्याग र बलिदानपछि मुलुकमा आशाको नयाँ सञ्चार भएको छ । तर मुलुकको अर्थतन्त्रको मेरुदण्ड मानिएको वैदेशिक रोजगारलाई उक्त ऐतिहासिक आन्दोलनले अल्पकालीन रूपमा त्रसित तुल्याएको छ । श्रम गन्तव्य मुलुकमा इमानदार, बहादुर र कर्तव्यपरायण छवि बनाएका नेपालीहरूले स्वदेशमा देखाएको उदण्डताले विदेशमा नपाइने हो कि भन्ने त्रास सिर्जना गरेको छ । नेपालका प्रमुख श्रम गन्तव्य युएई, कतार र साउदी अरेबियामा नेपालीको नैतिक आचरणमा शंका गर्दै भिसा नदिएपछि नेपालको वैदेशिक रोजगारमा अस्थायी रूपमा संकटको कालो बादल मडारिएको छ ।

नेपालको परम्परागत शिक्षाका कारण विदेशमा नेपाली जनशक्तिको सीपले उचित मूल्य पाइरहेको छैन । दक्ष नेपाली कामदार पनि वैदेशिक रोजगारमा नभएका होइनन्, तर उनीहरूको संख्या सानो छ । सीप नभए पनि माथि उल्लेख भएझैं इमानदार, बहादुर र कर्तव्यपरायण जनशक्तिको छविका कारण 'थ्री डि' भनिने डिफिकल्ट, डर्टी र डेन्जर काम पाएका छन् । नेपाली समुदायकै आचरणमा प्रश्न उठ्नु चिन्ताजनक विषय हो । यी घटना र प्रवृत्तिले वैदेशिक रोजगारमा पठाउने कामदारलाई सरकारले लगानी गरेरै भए पनि सभ्य, दक्ष र सीपालु बनाएर पठाउनुपर्ने बाध्यता सिर्जना गरिदिएको छ । विदेशस्थित नेपाली राजदूतावासहरूले हाल दैनिक रूपमा विज्ञप्ति जारी गरेर कामदारलाई आचरणमा बस्न निर्देशन दिने गरेका छन् ।

नेपाली कामदारले स्वतन्त्रताको दुरुपयोग हुने गरी हद नाघेको घटना केही समयअघि कुवेतमा पनि देखियो । त्यहाँ भएको विषाक्त मदिराको अवैध उत्पादन र बिक्रीमा १६ नेपालीसहित २३ जनाको मृत्यु र १६० जना घाइते भए । कुवेती सञ्चारमाध्यमहरूले अवैध मदिरा कारोबारका मुख्य कारोबारी मानिएका ४ जनालाई मृत्युदण्डको सजाय हुन सक्ने आंकलन गरेका छन् । कुवेतको गृह मन्त्रालयले विषाक्त मदिरा सेवनपछि उपचारार्थ अस्पतालमा भर्ना भएका सबै विदेशीलाई उपचारपछि देश निकाला गर्ने बताएको छ । देश निकालामा पर्नेमा कम्तीमा ३५ नेपाली कामदार रहेको बताइएको छ । यसले पनि नेपाली कामदार नैतिक आचरणको कसीमा दरिलो बन्नुपर्ने देखाएको छ ।




परिस्थितिमा जस्तोसुकै जटिलता उत्पन्न भए पनि नेपाली अर्थतन्त्रमा रेमिट्यान्सको योगदान ठुलो छ । नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण आप्रवाह १७२३ अर्ब २७ करोड पुगेको छ । गत वर्ष ८ लाख ३९ हजार २६६ जना नेपालीले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए । पर्यटन क्षेत्र समस्यामा रहेको अहिलेको अवस्थामा मुलुकले पाउने गरेको रेमिट्यान्सको थप महत्त्व छ । सरकारले कुनै पनि बहानामा रेमिट्यान्सको यो अंक घट्न दिनु हुँदैन ।

वैदेशिक रोजगार व्यवसायीहरूले अहिलेको समयलाई वैदेशिक रोजगार क्षेत्रमा विगतमा भएका गलत निर्णयहरू सच्याउने अवसरका रूपमा लिनुपर्नेमा जोड दिएका छन् । उनीहरूले दक्षिण एसियाली अन्य मुलुकमा अवलम्बन गरिएको अभ्यासबाट सिक्दै वैदेशिक रोजगार क्षेत्रमा 'कोर्स करेक्सन' गर्नुपर्ने माग समेत गरेका छन् । रेमिट्यान्सबाट प्राप्त रकमले राष्ट्रिय अर्थतन्त्रलाई ठूलो टेवा पुऱ्याएको अवस्थामा श्रमिक अधिकारको सुनिश्चितता र राम्रो तलब-सुविधा रहेका जापान तथा युरोपेली मुलुकको मागपत्र प्रमाणिकरणमा रहेका समस्या समाधान हुन नसक्नु र नयाँ श्रम गन्तव्य खोजीमा प्रगति नहुनु वैदेशिक रोजगार क्षेत्र उकुसमुकुसको अवस्थाबाट बाहिर ननिस्कनुको कारण बनेको उनीहरूको भनाइ छ ।

गठित भएको नयाँ सरकार र नयाँ मन्त्रीले यस क्षेत्रमा सुधारका लागि पाइपलाइनमा रहेका सेवा शुल्क परिमार्जनलगायतका कामलाई टुंगोमा पुऱ्याइ नयाँ गन्तव्य पहिचान गर्ने तथा नेपालमा रोजगारीको पर्याप्त अवसर नहुँदासम्म व्यवसायी र कामदार दुवैलाई सुरक्षित गर्ने कार्यक्रम तत्काल ल्याउनुपर्ने देखिन्छ । हालको विषम परिस्थितिमा आन्तरिक सरकार गठनसँगै व्यवसायीहरूमा केही आशा पलाएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारीहरूको भनाइ छ । उनीहरूले वैदेशिक रोजगारले मुलुकको अर्थतन्त्रमा ठुलो योगदान दिएकाले यसलाई अझ व्यवस्थित, सुरक्षित र व्यवसायीमैत्री बनाउन सरकारको नीतिगत निर्णय र ठोस पहल आवश्यक रहेको बताएका छन् ।

अव्यवहारिक देखिएको वैदेशिक रोजगार ऐनलाई संशोधन गरी व्यवहारिक बनाउने र सोहीअनुसार पूर्ण रूपमा पारदर्शिता कायम गरेर व्यवसाय गर्ने वातावरण नयाँ सरकारले निर्माण गर्नुपर्ने उनीहरूको माग छ । जेनजीको आन्दोलनमा उठेका सकारात्मक मागलाई व्यवसायीहरूले आत्मसात गर्नुपर्ने र नयाँ सरकारले असुरक्षित रूपमा वैदेशिक रोजगारमा जाने प्रवृत्तिको अन्त्य गरी सीप सिकाएर सुरक्षित रूपमा पठाउने व्यवस्था गर्नुपर्ने आन्दोलनले ल्याएको उपलब्धि पनि हुन सक्छ ।

नेपाली राजदूतावासमा रहेको चरम कुशासनका कारण विगत दुई वर्षदेखि युरोपेली मुलुकको मागपत्र प्रमाणिकरण रोकिएको छ । परराष्ट्र मन्त्रालयको असहयोगी रवैयाको अन्त्य गरी नयाँ गन्तव्य खोजी पनि अनिवार्य छ । वैदेशिक रोजगार क्षेत्रमा रहेको सेवा शुल्क अन्यायपूर्ण छ । लागत परिभाषित गरेर त्यसमा परिवर्तन, श्रम स्वीकृति, अनलाइन प्रणाली र नयाँ बजारमा पहुँचमा स्थिर नीति तथा सहज प्रक्रियाको सुनिश्चितता जस्ता विषयमा नयाँ सरकारसँग व्यवसायीहरूको माग र भरोसा छ ।

न्यायपूर्ण सेवा शुल्क, व्यवसायीमैत्री वातावरणका साथै नयाँ बजारमा वैध रोजगारीको पहुँच, व्यवसायिक लगानीको कानुनी र व्यवहारिक संरक्षण पनि परिवर्तित सन्दर्भमा आम व्यवसायीको माग बनेको छ । जेनजी पुस्ताले देशमा व्याप्त भ्रष्टाचार र कुशासनविरुद्ध दिएको बलिदानलाई आत्मसात गर्दै वैदेशिक रोजगार व्यवसायीले पनि कामदारप्रति जवाफदेही भई व्यवसायलाई रूपान्तरण गर्दै अघि बढ्नु उत्तिकै जरुरी छ ।



















# झस्कियो निजी क्षेत्र



■ छवि सापकोटा

अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको निजी तत्काल लगानी बढाउने मनस्थितिमा देखिँदैनन् । नयाँ सरकारले फागुन २१ गते निर्वाचनको निर्वाचन गरेर ताजा जनादेशमा जाने भनेको छ तर त्यसमा अझै चुनाव होला कि नहोला ? फेरि यस्तै आन्दोलन भए के गर्ने ? राजनीतिक अस्थिरता कहिलेसम्म ? लगायतका प्रश्नले निजी क्षेत्रमा अन्योलता देखिन्छ ।

जेनजी आन्दोलनको कारण निजी क्षेत्र त्रासमै छ । दुई दिनमा आन्दोलनले ल्याएको सत्ता परिवर्तनले निजी क्षेत्रलाई समेत असर गरेको छ । निजी क्षेत्रको मात्र १ खर्बबराबरको क्षति भएको नेपाल उद्योग वाणिज्य महासंघको प्रारम्भिक तथ्यांक छ ।

जेनजी आन्दोलनले देशका केही गर्नुपर्छ भनेर लगानी गरेका व्यक्तिलाई नै टार्गेट गरेर आक्रमणले निजी क्षेत्रलाई झस्काएको छ । आन्दोलनले राजनीतिक परिवर्तन ल्याएको छ । पुराना दलका पुराना नेतृत्वको रिस निजी क्षेत्रमाथि हुँदा लगानीकर्तामा निराशा आएको हो । लगानीकर्तालाई आगामी दिन लगानीको वातावरण कस्तो हुन्छ ? भन्ने अन्योलता देखाएको छ । आन्दोलनले सरकारी संरचनासँगै सबैभन्दा बढी असर निजी क्षेत्रलाई परेको छ । दुई दिन मात्र भएको आन्दोलनले लगानी, उत्पादन, व्यवसाय विस्तारदेखि रोजगारीको क्षेत्रमा अनिश्चितता देखाएको छ ।

अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको निजी तत्काल लगानी बढाउने मनस्थितिमा देखिँदैनन् । नयाँ सरकारले फागुन २१ गते निर्वाचनको निर्वाचन गरेर ताजा जनादेशमा जाने भनेको छ तर त्यसमा अझै चुनाव होला कि नहोला ? फेरि यस्तै आन्दोलन भए के गर्ने ? राजनीतिक अस्थिरता कहिलेसम्म ? लगायतका प्रश्नले निजी क्षेत्रमा अन्योलता देखिन्छ । यतिबेला साँच्चै काम गरिरहेका निजी क्षेत्र वा अब केही गर्नुपर्छ भने पखाईमा रहेको लगानीकर्तासमेत ब्वयाक भएका छन् । लगानीकर्तामा आत्मविश्वास र मनोबल कमजोर हुँदा आर्थिक प्रणालीलाई ठुलो धक्का लाग्ने देखिन्छ । यतिबेला विदेशी तथा स्वदेशी लगानीकर्ताले नेपालमा लगानी गर्न धेरैपटक सोच्नुपर्ने अवस्था देखाएको छ । त्यसै पनि नेपालमा लगानी गर्न विभिन्न निकाय धाउनुपर्नेदेखि अन्डर द टेबल काम गर्नुपर्ने अवस्था धेरै रहेको लगानीकर्ताले भन्ने गरेका थिए । काम गर्नै गाह्रो अवस्थामा फेरि जेनजी आन्दोलनले जसरी ठुला घराना तथा लगानीकर्तालाई नै तारो बनाएर प्रहार भयो त्यसले थप लगानीको अनिश्चितता देखाएको हो ।

## ■ व्यवसायीलाई सरकारको साथ

नेपालमा अझै पनि आयातमै निर्भर अर्थतन्त्र छ । स्वदेशमै उत्पादन निकै कम छ । लामो समयको राजनीतिक अस्थिरताको कारण देशले आर्थिक गति दिन नसकेको तीन दशकभन्दा धेरै भएको छ । २०५२ सालभन्दा अघि औद्योगिक करणको अभियान भएको देखिएपछि त्यस पनि विभिन्न प्रजातन्त्रका लागि आदोन्लन, द्वन्द्व, हड्ताल, बन्दजस्ता गतिविधिले निजी क्षेत्र उत्पादनभन्दा ट्रेडतर्फ अगाडि बढेको देखिन्छ । स्वदेशमै उत्पादनमूलक उद्योगमा लगानी नहुँदा मुलक अहिलेसम्म आयातमै निर्भर हुनुपरेको छ । हाम्रो छिमेकी मुलुक चीन र भारतमा लगानीको वातावरण बन्दा नेपाल यी दुई मुलुकबाटै आयात गरेर अर्थतन्त्र चलिरहेको छ । यस्तो बेला निजी क्षेत्रको मनोबल उच्च बनाउन सरकार र सबै राजनीतिक दलहरूको एकबद्धता आवश्यक छ । यस्तै, जेनजीको प्रतिनिधित्व गर्ने युवा जनशक्तिले पनि निजीलाई आगामी दिनमा निजीलाई कहीँकतैबाट प्रहार हुँदैन भन्ने सन्देश दिन आवश्यक छ । नेपालमा ठुलो सम्भावना भएको क्षेत्र हो जलविद्युत् र पर्यटन । तर जलविद्युतमा लगानी बढेपछि बेलाबेलामा आउने सरकारको नीतिले त्यसलाई असर गरेको छ । यस्तै, पर्यटन क्षेत्रमा नेपालले प्रगति गर्न सकको छैन । जेनजी आन्दोलनले समेत पर्यटन उद्योगलाई असर गराएको छ । जसरी पर्यकीय होटलमा भएको आगलानी हुँदा संसारभर मुख्य समाचार बनेसँगै होटलहरूमा बुकिङ रद्द भएको व्यवसायीको भनाइ छ । पर्यटक आगमन कम हुँदाबित्तिकै होटल, रेस्टुरेन्ट, ट्राभल्स, यातायात, एयरलाइन्सको व्यपारमा प्रभावित हुँदै जानेछ । निजी क्षेत्रले जहिल्यै भन्दै आएको सरकारले समस्या परेको बेला संरक्षण र प्रोत्साहन गर्दैन । कर्जादेखि कर छुटसम्मको योजना केही ठुला व्यवसायी पाए पनि समग्र लगानीकर्ताले सरकारबाट पाउने सहयोग निकै कम रहेको बताउँछन् । यतिबेला देशभरकै व्यवसायी, उद्योगी र लगानीकर्ता कमजोर मनस्थितिमै छन् । भूकम्प, कोरोना, आर्थिक मन्दीले समस्याको परेको व्यवसायी पछिल्लो राजनीतिक अस्थिताले त्रासमै छन् । निजी क्षेत्रलाई हेर्न दृष्टिकोण स्पष्ट नहुँदा निजी क्षेत्र राजनीतिक पार्टीसँग नजिकिन बाध्य हुन्छन् । तर व्यवसायी नजिकिएन भने व्यवसायमा अर्का समस्या र दुःख दिने काम हुन्छ भन्ने मनोविज्ञानको राजनितिक नेतृत्वसँग नजिक भइरहेका हुन्छन् । अहिले पनि लगानीकर्तालाई लगानीको वातावरण र राजनीतिक स्थायित्व र सुरक्षा मात्र हुने हो भने लगानीको वातावरणसमेत बन्छ । देश आर्थिक समृद्धितर्फ अगाडि बढ्छ ।

त्यसै पनि नेपालमा लगानी गर्न चुनौती छ । कानुनी प्रक्रिया, प्रशासनिक र प्रक्रियागत झन्झटले लगानीको वातावरण बन्न सकेको छैन । लगानी गरेर प्रतिफलभन्दा त्रासमा बाँच्नुपर्ने अवस्था हुँदा लगानी गर्नेभन्दा बैंकमा पैसा राखेर ब्याज खाने, घर किनेर भाडा खाने, उत्पादनभन्दा आयात गरेर व्यापार गर्ने धेरै छन् ।



## ■ अवसरको ढोका खोलौं

जेनजी आन्दोलनले निजी क्षेत्रमा त्रास सिर्जना मात्र गरेको छैन, केही अवसर पनि देखाएको छ । नयाँ नेतृत्वलाई अबका दिनमा पारदर्शिता र जवाफदेहिताप्रति सचेत बनाएको छ । आन्दोलनका मागलाई सकारात्मक ढंगले सम्बोधन गरियो भने दीर्घकालीन रूपमा व्यवसाय-सरकारबीचको सम्बन्ध अझै सबल बन्न सक्छ । अबका दिनमा युवालाई व्यवसाय, स्टार्टअप र उद्यमशीलतातर्फ आकर्षित गर्नेतर्फ लाग्नुपर्छ । जेनजी आन्दोलनले नेपालमा नयाँ पुस्ताको असन्तुष्टि, अपेक्षा र नेतृत्वको खाँचो उजागर गरेको छ । तर यसले निजी क्षेत्रलाई ठुलो अनिश्चितताबीच अवसर ढोका खोलेको छ । भ्रष्टाचार मात्र अन्त्य र विधिको शासन हुने हो भने आर्थिक समृद्धि एक दशकमै देख्न सकिन्छ । अब आउने राजनीतिक शक्तिले र सरकारले निजी क्षेत्रबाटै आर्थिक समृद्धि हुन्छ भनेर लगानीकर्तालाई लगानीको वातावरण बनाउन सक्नुपर्छ । अहिले निजी क्षेत्र मात्र होइन, समग्र अर्थतन्त्रको चेनलाई नै असर गरेको छ । तर समयमै निर्वाचन र देश सही ट्र्याकमा ल्याउन सकियो भने नेपालमा बन्ने धेरै समय लाग्नेछैन । राजनीतिक अस्थितारको त्रासले व्यवसाय गर्नेसमेत आफ्नो भविष्यबारे अनिश्चिता व्यक्त गरेका छन् । अबको नयाँ पुस्ताले सुशासन, पारदर्शिता र भ्रष्टाचार अन्त्यका लागि सहज अपनाउने हो भने लगानीको वातावरण बन्छ ।


















# खर्च होइन, बचत गर्ने पर्व बनाऔं



■ ऋतुजंग जिसी

> चाडपर्वमा आउने अतिरिक्त आम्दानी वा खर्चका लागि छुट्याइएका रकमबाट केही हिस्सा बचतमा लैजान सकिन्छ । जस्तो कि, दशैं-तिहारका बेला धेरैले बोनस पाउँछन्, कोही विदेशबाट रेमिट्यान्स पठाउँछन्, कतिपयले आफ्नै व्यवसाय वा कृषिउपजबाट राम्रो आम्दानी लिन्छन् । यी सबैले गर्दा चाडपर्वको समय अपेक्षाकृत 'कमाउने' समय पनि हुन सक्छ ।

नेपाली समाजमा चाडपर्वको विशेष महत्व छ। वर्षभरिमा दशैं, तिहार, छठजस्ता चाड केवल सांस्कृतिक उत्सव मात्र होइनन्, सामाजिक र आर्थिक चक्रलाई पनि चलायमान बनाउने अवसर हुन्। यिनै चाडपर्वका अवसरहरूलाई हामीमध्ये धेरैले खर्चका रूपमा लिने गर्छौं । नयाँ लुगा, मिठो खाना, सजावट, रमाइलो, गिफ्ट आदिमा खर्च गर्ने क्रम सामान्य हो । तर यसैबेला चाहिँ हाम्रो आर्थिक अनुशासन र दूरदर्शिता देखाउने समय पनि हो भन्ने बुझ्न जरुरी छ। चाडपर्व खर्च होइन, भविष्य निर्माणको अवसरका रूपमा लिन सकियो भने यसले पारिवारिक आर्थिक सुरक्षालाई बलियो बनाउँछ ।

चाडपर्वमा आउने अतिरिक्त आम्दानी वा खर्चका लागि छुट्याइएका रकमबाट केही हिस्सा बचतमा लैजान सकिन्छ। जस्तो कि, दशैं-तिहारका बेला धेरैले बोनस पाउँछन्, कोही विदेशबाट रेमिट्यान्स पठाउँछन्, कतिपयले आफ्नै व्यवसाय वा कृषिउपजबाट राम्रो आम्दानी लिन्छन् । यी सबैले गर्दा चाडपर्वको समय अपेक्षाकृत 'कमाउने' समय पनि हुन सक्छ । यही समय चाहिँ भविष्यका लागि 'बचत गर्ने' निर्णय गर्न सबैभन्दा उपयुक्त हो ।

आममानिसले सोच्न आवश्यक छ, चाडपर्वले दिएको खुसीलाई क्षणिक खर्चमा मात्र सीमित राख्ने कि दीर्घकालीन सुरक्षाका रूपमा लैजाने ? सजिलो उत्तर हो- दीर्घकालीन सुरक्षाका लागि काम गर्ने। त्यो कसरी ? थोरै योजनाबद्ध सोच र व्यावहारिक कदमले यो सम्भव छ । विशेषगरी आफ्ना सन्तानका लागि भविष्यको आधार तयार गर्न अहिलेको समय उत्तम हो।




चाडपर्वको उमंग सँगसँगै बालबालिकालाई पनि आर्थिक शिक्षाको सुरुवात गराउन सकिन्छ । दशैंतिहारमा उनीहरूले पाउने दक्षिणा, उपहारलाई जथाभावी खर्च गर्न नदिई, योजनाबद्ध तरिकाले बचत गराउने बानी बसाल्न सकिन्छ। खुत्रुकेमा नै भए पनि केही रकम जम्मा गर्न लगाउने, त्यसलाई हेर्दै, बुझ्दै आर्थिक अनुशासन सिकाउने काम गर्न सकिन्छ। यस्तो बानीले उनीहरूमा आर्थिक सचेतना र भविष्यप्रति जिम्मेवार भावना विकास गर्छ ।

बचतको कुरा गर्दा, बालबालिकाका लागि बिमा योजनाको सुरुवात पनि चाडपर्वकै अवसरमा गर्न सकिन्छ । खासगरी शिक्षा बिमा, स्वास्थ्य बिमा वा दीर्घकालीन लगानी योजनाजस्ता बिमा योजना भविष्यमा ठुलो सहारा बन्न सक्छन्। अहिले थोरै रकम छुट्याएर गरिने यस्तो बिमा लगानीले कठिन समयमा ठुलो राहत दिन सक्छ ।

यस्तै, अर्को महत्वपूर्ण निर्णय हुन सक्छ- बालबालिकाको नाममा बैंक खाता खोलिदिनु । यो कदमले उनीहरूलाई बाल्यकालदेखि नै औपचारिक बैंकिङ प्रणालीसँग जोड्ने मात्र होइन, उनीहरूको नाममा हुने रकमको पारदर्शिता र सुरक्षा पनि सुनिश्चित गर्छ। यस्ता खातामा नियमित जम्मा हुन थालेको रकमले भविष्यमा शिक्षा, स्वास्थ्य वा अन्य आवश्यकताका लागि उपयोग गर्न सकिन्छ।

यदि बैंकिङ प्रणालीमा संलग्नता बढाउन सकिन्छ भने केही रकम सेयर बजारमा पनि लगानी गर्न सकिन्छ । दीर्घकालीन दृष्टिले हेर्दा, सेयर बजारमा लगानीले राम्रो प्रतिफल दिन सक्छ। तर यो निर्णय जिम्मेवार सोचका साथ र आवश्यक परामर्श लिएर गर्नुपर्छ । बच्चाहरूका लागि खोलिने डिम्याट खाता र म्युचुअल फन्ड योजना पनि सुरु गर्न सकिन्छ। यसले भविष्यमा आर्थिक वृद्धि र लगानीबारे जानकारी दिन सघाउँछ।


परिवारको सन्दर्भमा हेर्ने हो भने चाडपर्वको रमाइलो र खर्चबीच सन्तुलन कायम राख्नु महत्वपूर्ण हुन्छ । चाडपर्वको खर्चको योजना पहिल्यै बनाउन सकेमा अनावश्यक फजुल खर्चबाट बच्न सकिन्छ। केही बजेट रमाइलोका लागि, केही बजेट आवश्यक किनमेलका लागि र केही बजेट बचतका लागि छुट्याउने बानी बसाल्नु बुद्धिमानी हुनेछ । हरेक चाडपर्वमा नयाँ लुगा किन्नैपर्छ भन्ने सोचलाई परिवर्तन गरेर, त्यो रकमले भविष्यमा के गर्न सकिन्छ भन्ने विकल्प सोच्न आवश्यक छ ।

साथै, अहिलेको समयमा बचत केवल बैंक वा खुत्रुकेसम्म सीमित छैन । डिजिटल वालेट, फिनटेक एपहरू, म्युचुअल फन्डजस्ता नयाँ प्रविधि पनि सजिलो र सुरक्षित बचतका माध्यम बन्न थालेका छन्। यस्ता उपकरणहरूको प्रयोग गरेर पनि आम्दानीको केही हिस्सा सुरक्षित भविष्यका लागि लगानी गर्न सकिन्छ।

कुरा मानसिकता परिवर्तनको पनि हो । हामीले चाडपर्वलाई केवल खर्चको दृष्टिले होइन, अवसरको दृष्टिले हेर्न थालेपछि हाम्रो दृष्टिकोण मात्र होइन, जीवनको गुणस्तरमा पनि सकारात्मक परिवर्तन आउनेछ । विशेषगरी सन्तानका लागि दीर्घकालीन योजना बनाउने सोचले उनीहरूको भविष्य सुरक्षित र उज्यालो बनाउनेछ। हामीले आज गर्ने सानो लगानीले भोलिका दिनमा ठुला सपना पूरा गर्न मद्दत गर्न सक्छ।

त्यसैले आउनुहोस्- यो चाडपर्वलाई खर्च होइन, भविष्य निर्माणको अवसर बनाऔं। रमाइलो, सौहार्दता र मिलेमतोका साथ मनाउँदै, केही रकम आफ्ना प्रियजनको भविष्य सुरक्षाका लागि पनि छुट्याऔं । खुसी साँचो अर्थमा तब आउँछ, जब त्यो क्षणिक हुँदैन, जब त्यो भविष्यसम्म टिक्नेछ । बचत गरौं, लगानी गरौं अनि चाडपर्वलाई एक नयाँ अर्थ दिऔं, त्यो हो दीर्घकालीन समृद्धिको ।

*(लेखक जिसी, साधारण लगानीकर्ता संघका अध्यक्ष हुन् ।)*















# खेल क्षेत्र उठाउने अवसर



■ उत्तम कार्की

> नेपालमा खेलकुद क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरमा उठाउन विगत दुई दशकदेखि निरन्तर प्रयास हुँदै आएको छ । तर राजनीतिक अस्थिरता, पूर्वाधार अभाव, योजना कार्यान्वयनमा ढिलाइ र व्यवस्थापनमा कमजोरीका कारण खेलले अपेक्षित उचाइ लिन सकेको छैन ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले मुलुकलाई गहिरो आघात पुऱ्यायो । आन्दोलनका क्रममा सार्वजनिक तथा निजी सम्पत्ति तोडफोड, आगजनी मात्र भएन कम्तीमा ७२ जनाले ज्यान गुमाए । यो घटनाले मुलुकलाई राजनीतिक, सामाजिक र आर्थिक दृष्टिले ठुलो चुनौतीका बीचमा धकेलेको छ । यद्यपि भाग्यवश खेल संरचना भने ठुलो क्षति हुनबाट जोगियो तर यसको नकारात्मक छाया खेलकुद क्षेत्रमाथि पनि स्पष्ट रूपमा परेको छ ।

आन्दोलनकै कारण नेपालमा भइरहेका खेल प्रतियोगिता प्रभावित भए । बंगलादेशको राष्ट्रिय फुटबल टोली दुईवटा मैत्रीपूर्ण खेलका लागि नेपाल आएको थियो, तर आन्दोलनकै कारण दोस्रो खेल नै नखेली स्वदेश फर्किन बाध्य भयो । त्यस्तै, पोखरामा भइरहेको एभरेस्ट महिला भलिबल लिग स्थगित हुन पुग्यो र त्यसमा आबद्ध सबै विदेशी खेलाडी स्वदेश फर्किए । उनीहरूमध्ये केहीले त फेरि नेपालमा खेल्न कहिल्यै नआउने सार्वजनिक घोषणासमेत गरे । यसले नेपालप्रतिको विश्वास घटाएको छ र भविष्यमा विदेशी खेलाडीलाई आकर्षित गर्ने कार्य अझै कठिन बनाइदिएको छ ।

नेपालमा खेलकुद क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरमा उठाउन विगत दुई दशकदेखि निरन्तर प्रयास हुँदै आएको छ । तर राजनीतिक अस्थिरता, पूर्वाधार अभाव, योजना कार्यान्वयनमा ढिलाइ र व्यवस्थापनमा कमजोरीका कारण खेलले अपेक्षित उचाइ लिन सकेको छैन ।

जेनजी आन्दोलनले देखाएको अर्को पक्ष भनेको- असुरक्षा र अनिश्चितताका कारण नेपाललाई खेलमैत्री गन्तव्य बनाउन अझै चुनौती छ भन्ने हो । तर चुनौतीसँगै अवसर पनि जन्मिन्छ । नयाँ सरकारको नेतृत्वमा प्रधानमन्त्री सुशीला कार्की आएकी छन् । मुलुकमा संसद् विघटनपछिको अस्थिरतामाथि स्थायित्व दिनुपर्ने जिम्मेवारी उनको काँधमा छ । खेलकुद क्षेत्रलाई द्रुतगतिमा उठाउने अवसर यतिखेर उनको सरकारसँग छ ।

जेनजी आन्दोलन युवाहरूको असन्तोषको अभिव्यक्ति हो । उनीहरूले देशको भविष्य, रोजगारी, समानता र न्याय मागेका थिए । यो ऊर्जा यदि सकारात्मक दिशामा मोड्न सकियो भने मुलुकको विकासको महत्वपूर्ण आधार बन्न सक्छ । खेलकुद युवाहरूलाई अनुशासन, सहकार्य, प्रतिस्पर्धा र लक्ष्यप्रति केन्द्रित बनाउने माध्यम हो । त्यसैले जेनजी आन्दोलनमा व्यक्त आक्रोशलाई खेलतर्फ मोड्ने रणनीति आवश्यक छ । खेलमैदान युवाहरूलाई आत्म-अभिव्यक्ति र राष्ट्रिय गौरव बढाउने अवसर दिन सक्छन् ।




## ■ अब गर्नुपर्ने कार्यहरू

**सुरक्षा र विश्वास पुनर्स्थापना** : विदेशी खेलाडी र टोली नेपाल आउन हिच्किचाउने अवस्था हटाउन आवश्यक छ । खेल मैदान, होटल, यातायात र सम्पूर्ण प्रतियोगिताको सुरक्षालाई प्राथमिकतामा राख्नुपर्छ । सरकारले अन्तर्राष्ट्रिय मापदण्डअनुसार सुरक्षा सुनिश्चित गर्ने स्पष्ट नीति ल्याउन जरुरी छ ।

**पूर्वाधार निर्माणमा लगानी** : अन्तर्राष्ट्रिय स्तरका स्टेडियम, इनडोर हल, क्रिकेट मैदान, एथलेटिक्स ट्र्याक जस्ता पूर्वाधार विस्तार अपरिहार्य छन् । संघीय संरचनामा प्रादेशिक खेलग्राम स्थापना गरेर प्रतिभा उत्पादन गर्न सकिन्छ ।

**युवाको ऊर्जा खेलतर्फ मोड्ने अभियान** : जेनजी आन्दोलनमा सहभागी भएको ठुलो हिस्सा युवापुस्ताको थियो । उनीहरूलाई खेलसँग जोड्न अभियान सञ्चालन गर्न सकिन्छ । विद्यालयदेखि विश्वविद्यालयसम्म खेललाई अनिवार्य बनाउने नीति आवश्यक छ ।

**निजी क्षेत्रको सहकार्य** : खेलकुदलाई सरकारी स्रोतमा मात्र निर्भर राख्दा पर्याप्त हुँदैन । निजी क्षेत्रलाई प्रोत्साहन गर्न कर छुट, प्रायोजनमा सहजता र विज्ञापनमा प्रोत्साहन दिने नीति ल्याउनुपर्छ । यसले खेलमा लगानी बढाउनेछ ।

**अन्तर्राष्ट्रिय साझेदारी** : विदेशी देशहरूसँग सहकार्य गरेर प्रशिक्षण, खेलाडी आदानप्रदान तथा मैत्रीपूर्ण खेल आयोजना गर्न सकिन्छ । यसले नेपालको खेलकुद छवि पुनःस्थापना गर्न मद्दत पुऱ्याउँछ ।

**खेललाई रोजगारीसँग जोड्ने** : खेलाडीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने मात्र होइन खेल प्रशिक्षक, खेल व्यवस्थापन, खेल पत्रकारिता र खेल पर्यटन जस्ता क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिन्छ । यसले युवालाई खेलकुदप्रति आकर्षित गर्छ ।

जेनजी आन्दोलनले मुलुकलाई ठुलो घाउ दिएको छ । तर यही घाउबाट सिकेर खेलकुदलाई उठाउने अवसर समेत प्राप्त भएको छ । खेलकुदलाई मनोरञ्जन वा सहायक गतिविधि मात्र नभई राष्ट्रिय गौरव, सामाजिक सद्भाव र आर्थिक विकासको आधारका रूपमा लिन जरुरी छ ।

प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा बनेको नयाँ सरकारले यदि खेललाई प्राथमिकतामा राख्न सक्यो भने मुलुकको खेलकुद मात्र होइन समाजको समग्र मनोवृत्तिमा पनि सकारात्मक परिवर्तन सम्भव हुन्छ । त्यसैले अब खेलकुद क्षेत्रलाई उठाउने यो अवसरलाई सरकारले गुमाउनुहुँदैन ।



















# उद्यमीलाई उठाऔं



■ जानकी पाठक



> नेपालका ठूला व्यवसायी विनोद चौधरी, शेखर गोल्छा, मीनबहादुर गुरुङ, साहिल अग्रवाल, चन्द्रप्रसाद ढकाल, ध्रुव थापालगायत व्यवसायी प्रदर्शनकारीको निसानामा परे । यति हुँदाहुँदै पनि उनीहरूले फेरि उठ्ने वाचा गरेका छन् ।

विकासको मेरुदण्ड भनेको सिर्जनशीलता र परिश्रम हो । यी दुई गुण उद्यमीको हरेक पाइलामा भेटिन्छन् । समाज र राष्ट्रको आर्थिक प्रगति उद्यमशीलताको गति अनुसार चल्ने गर्छ । उद्यमी भनेको केवल व्यापार गर्ने व्यक्ति मात्र होइन, अवसर खोज्ने, जोखिम लिन सक्ने र समस्याको समाधान दिन सक्ने अभियन्ता पनि हुन् ।

तर नेपालमा पछिल्लो समय राजनीतिक अस्थिरता, आर्थिक असमानता, बेरोजगारी, विदेश पलायन र अवसरको अभावजस्ता समस्या अलि बढी नै प्रचारित भइरहेका छन् । यी सबैको विरोधस्वरूप जेड जेनेरेसनमा जन्मिएका युवा समूहले भदौ २३ र २४ गते देशभर ठुलै विद्रोह गऱ्यो । जेनजी आन्दोलन नाम दिइएको सो विद्रोहले २७ घण्टामा केपी ओली नेतृत्वको दुई तिहाइको सरकारसमेत ढालिदिएको थियो ।

यस क्रममा सरकारका तर्फबाट भएका बर्बरता र जेनजी समूहले गरेको विद्रोहले नेपालका ठुला व्यावसायिक घरानामाथि प्रहार भयो । भाटभटेनी, सिजी ग्रुप, गोल्छा अर्गनाइजेसनजस्ता ठुला उद्यमीमाथि आन्दोलन पक्ष खनियो । ठुला व्यवसायी देखिनेगरी प्रभावित भए भने साना र मझौला व्यवसाय गर्नेहरू पनि उत्तिकै प्रभावित भएका छन् ।

मीनबहादुर गुरुङको भाटभटेनीका १२ स्टोर जलेर नष्ट भएका छन् भने केहीमा आंशिक क्षति पुगेको छ । चन्द्र ढकालको चन्द्रागिरि तथा पूर्वी नवलपरासीको गैंडाकोटमा रहेको मौलाकालीका केबलकारका बेस स्टेसन क्षतिग्रस्त भएका छन् । शेखर गोल्छाको घर तथा कार्यालय, विनोद चौधरीको घर तथा सोरुमसहित थुप्रै व्यवसायीहरूको क्षति भएको छ । मल्टिनेसनल कम्पनीको रूपमा चिनिएको हिल्टन होटललगायत अन्य केही होटल प्रदर्शनकारीले खरानी बनाए । नेपाल होटल संघ हानले नेपालभर होटल तथा पर्यटनको क्षेत्रमा मात्रै २५ अर्ब रुपैयाँको क्षति भएको बताएको छ ।

नेपालका ठुला व्यवसायी विनोद चौधरी, शेखर गोल्छा, मीनबहादुर गुरुङ, साहिल अग्रवाल, चन्द्रप्रसाद ढकाल, ध्रुव थापालगायत व्यवसायी प्रदर्शनकारीको निसानामा परे । यति हुँदाहुँदै पनि उनीहरूले फेरि उठ्ने वाचा गरेका छन् । उनीहरूको यो कदममा राज्यका तर्फबाट हुन सक्ने जति सहयोग र हौसला दिएर फेरि उठ्नलाई हिम्मत दिनुपर्ने देखिन्छ ।

जेनजी आन्दोलनमा भएको आगजनी त तोडफोडको यकिन विवरण आइसकेको छैन । मोटामोटी रूपमा निजी क्षेत्रमा ८० अर्ब रुपैयाँबराबरको क्षति भएको अर्थाविद्हरूले प्रारम्भिक आँकलन गरेका छन् । यसले नेपालको अर्थतन्त्रलाई २० वर्ष पछाडि धकेल्न सक्ने चेतावनी दिँदै उनीहरूले निजी क्षेत्रमाथि भएको प्रहार र उद्यमीको मनोबल गिर्न नदिन राज्यले उचित कदम चाल्नुपर्ने सुझाव दिएका छन् । अर्थतन्त्र पुनर्स्थापना र सुशासन कायम गर्न निजी क्षेत्र र सरकारबीच निरन्तर संवाद संयन्त्र निर्माण गर्न, व्यवसायीलाई आत्मविश्वासका साथ खुला रूपमा व्यवसाय गर्न सक्ने वातावरणको सुनिश्चितता कायम गर्नुपर्ने आवश्यकता देखिन्छ ।

देशको प्रमुख प्रशासकीय भवन सिंहदरबारदेखि संसद् भवनसमेत जलेर खरानी भयो । देशभरका अधिकांश क्षेत्रका सरकारी कार्यालय आन्दोलनकारीको निसानामा परे । यस्तो अवस्थामा उद्यम व्यवसाय गरिरहेकाहरू आफ्नो लगानीको सुरक्षाप्रति चिन्तित देखिएका छन् । लाखौं, करोडौं लगानी गरेर सञ्चालन गरेको व्यवसाय क्षणभरमै सकिने हो कि भन्ने चिन्ताले उद्यमी देशमा लगानी गर्न डराउने स्थितिको सिर्जना भएको छ ।

यस्तो अवस्थामा सरकारले लगानीकर्तालाई उनीहरूको लगानीको सुरक्षा दिने प्रतिबद्धतासहित प्रोत्साहन गर्नुपर्छ । माओवादी सशस्त्र द्वन्द्वदेखि अहिलेसम्मको स्थिति हेर्ने हो भने सबैभन्दा बढी प्रभावित उद्यम गर्नेहरू नै छन् । देशको अर्थतन्त्र चलायमान बनाउने उद्योग क्षेत्र नै राज्यबाट असुरक्षित महसुस गर्छ भने देशको अर्थतन्त्रमा त्यसले नकारात्मक प्रभाव पार्ने नै भयो । लगानी गर्न सक्ने स्थिति सिर्जना नहुँदा कतिपय लगानीकर्ताहरू आफू सुरक्षित साइडमा बस्न खोजे भने अर्थतन्त्र चलायमान नहुने अवस्थाको सिर्जना हुन सक्छ ।

उद्यमशीलता भनेको केवल व्यापार होइन, देशभित्र अवसर विकास गर्ने माध्यम हो । पछिल्लो समय युवा उद्यमीले कृषि, सूचना प्रविधि, पर्यटन, निर्माण, सेवा क्षेत्र आदिमा नयाँ सम्भावनाको खोजी गरिरहेका छन् । सम्भावनाको खोजी गर्ने यस्ता उद्यमीलाई राज्यले लगानी गर्न उचित वातावरणको निर्माण गर्नुपर्नेहुन्छ । त्यसका लागि राज्यले स्टार्टअपमैत्री नीति, सहुलियतपूर्ण ऋण, कर छुट, एकद्वार प्रणालीजस्ता सुविधा सुनिश्चित गर्नुपर्छ । देशमा सामान्य परिवर्तन हुनेबित्तिकै उद्यमीहरूमाथि नै निसाना साँध्ने जुन प्रवृत्ति छ त्यसलाई रोक्न सरकारले आवश्यक पहल गर्नुपर्छ । परिवर्तनका नाममा बेलाबेला भइरहने आन्दोलन र त्यसको नेतृत्व गर्नेहरूले पनि देशमा लगानी गरेर बसेका उद्यमीलाई विस्थापित हैन स्थापित गरेर मात्र नेपाल समृद्ध बन्छ भन्ने कुराको ख्याल गर्नुपर्ने अवस्था आएको छ ।

आज राज्यले उद्यमीलाई उठायो भने भोलि उनीहरूले देश उठाउनेछन् । उद्यमशीलता भनेको केवल आर्थिक गतिविधि होइन । यो राष्ट्र निर्माणको आधार पनि हो । सफल उद्यमीहरू जन्मिनु भनेको देशभित्रै सम्भावनाको खेती हुनु हो । शिक्षा, नीति र सामाजिक समर्थनमार्फत उद्यमीलाई उठाऔं, हरेक गाउँमा, सहरमा नयाँ सिर्जनाको बीउ रोपौं । देश बदल्ने सपना उद्यमशीलताको हात समातेर मात्र पूरा हुन्छ भन्ने कुरा सबैले बुझ्न जरुरी छ । उद्यमीलाई माथि उठाउनु भनेको केवल एक जनालाई उठाउनु होइन, हजारौंलाई अवसर दिनु हो ।

हार्दिक शुभकामना
नेपालीहरूको महान् चाड
बडा दशैं, शुभ दीपावली तथा छठ पर्व २०८२ को
पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका
सम्पूर्ण आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा
सुख, शान्ति, समृद्धि, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
ब्रह्मदेव यादव
अध्यक्ष तथा
नेपाल एचआर सोलुसन प्रा.लि.
परिवार
सिनामंगल-९, काठमाडौं, फोन : ०१-४४९३५५४, ४४९४५५५

हार्दिक शुभकामना
नेपालीहरूको महान् चाड
बडा दशैं, शुभ दीपावली तथा छठ पर्व
२०८२
को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका
सम्पूर्ण आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख,
शान्ति, समृद्धि, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
धनविर तामाङ, सञ्चालक
दिनेशकुमार लामा, सञ्चालक
तथा
AL HAYA H.R. SOLUTION PVT. LTD.
अल हाया एच.आर. सोलुसन प्रा.लि.
परिवार
शान्तिनगर, काठमाडौं, फोन : ०१-४६२०८७९

चौरजहारी नगरपालिकाको अनुरोध
■ चाडपर्वको बेला सुरक्षित यात्रा गरौं
■ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं
■ चाडबाडको समयमा खानपानमा ध्यान दिऔं
■ हाम्रा सौंस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
■ वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
■ बस्ती तथा समुदायको रक्षा गरौं,
■ बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
■ घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।
दशैं, तिहार र छठको
शुभकामना
नेपालीहरूको महान् चाड
बडा दशैं, दीपावली तथा छठ पर्व २०८२ को
पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका
सम्पूर्ण आमा, बुबा, दाजुभाइ दिदीबहिनीहरुमा सुख,
शान्ति, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
पुष्प वादी, नगरप्रमुख
शेरप्रसाद ढकाल, नि. प्रमुख प्रशासकीय अधिकृत
ईश्वरीकुमारी शर्मा (वि.एम), उपप्रमुख
चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी रुकुम (पश्चिम), कर्णाली प्रदेश

हार्दिक शुभकामना
नेपालीहरूको महान् चाड
बडा दशैं, शुभ दीपावली तथा छठ पर्व २०८२ को
पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका
सम्पूर्ण आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा
सुख, शान्ति, समृद्धि, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
कुमार तामाङ
प्रवन्ध निर्देशक तथा
सेन्ट्रल क्यापिल सर्भिसेस प्रा.लि.
परिवार
सिनामंगल-९, काठमाडौं, फोन : ०१-४५७९७९१

डोल्पो बुद्ध गाउँपालिकाको अनुरोध
■ चाडपर्वको बेला सुरक्षित यात्रा गरौं
■ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं
■ चाडबाडको समयमा खानपानमा ध्यान दिऔं
■ हाम्रा सौंस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
■ वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
■ बस्ती तथा समुदायको रक्षा गरौं,
■ बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
■ घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।
दशैं, तिहार र छठको
शुभकामना
नेपालीहरूको महान् चाड
बडा दशैं, दीपावली तथा छठ पर्व २०८२ को
पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा, बुबा, दाजुभाइ
दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कार्मा छोइवेल गुरुङ, अध्यक्ष
मनबहादुर थापा, प्रमुख प्रशासकीय अधिकृत
पेम्मा धोर्चे गुरुङ, उपाध्यक्ष
डोल्पो बुद्ध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धो, डोल्पा, कर्णाली प्रदेश, नेपाल

सानीभेरी गाउँपालिकाको अनुरोध
■ चाडपर्वको बेला सुरक्षित यात्रा गरौं
■ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं
■ चाडबाडको समयमा खानपानमा ध्यान दिऔं
■ हाम्रा सौंस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
■ वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं,
■ बस्ती तथा समुदायको रक्षा गरौं,
■ बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
■ घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।
शुभ दशैं तिहार र छठ पर्वको हार्दिक शुभकामना
नेपालीहरूको महान् चाड
बडा दशैं, दीपावली तथा छठ पर्व २०८२ को
पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा, बुबा, दाजुभाइ
दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बिर्खबहादर विष्ट, अध्यक्ष
दीपक बुढाथोकी, प्रमुख प्रशासकीय अधिकृत
कमला रोका पुन, उपाध्यक्ष
सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमपश्चिम, कर्णाली प्रदेश, नेपाल

# रेमिट्यान्सको सदुपयोग



■ सन्दिप वि.क

> रेमिट्यान्स नेपालका लागि अवसर हो तर यसको दुरुपयोग भयो भने दीर्घकालीन विकासमा प्रतिकूल असर पर्छ ।

सामान्य भाषामा वैदेशिक रोजगारीमा गएका नेपालीहरूले कमाएर पठाएको रकम नै रेमिट्यान्स हो । अर्थात् रेमिट्यान्स विदेशमा काम गर्ने वा बसोबास गर्ने नेपालीले स्वदेशमा परिवार वा आफन्तलाई पठाउने रकम हो ।

पछिल्ला दुई दशकमा विदेशमा रोजगारीका लागि गएका लाखौं नेपालीले पठाएको वैदेशिक आम्दानीले उनीहरूका परिवार, समाजका साथै राष्ट्रिय अर्थतन्त्रलाई नै धानेको छ ।

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको तथ्यांकअनुसार २०८२ को साउन महिनामा मात्र करिब पौने २ खर्ब रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ । यो गत वर्षको सोही महिनाको तुलनामा २९ दशमलव ९ प्रतिशतले बढी हो । अघिल्लो वर्ष साउनमा १३ खर्ब ६ अर्ब ६० करोड रेमिट्यान्स भित्रिएको थियो ।

यस्तै, एक वर्षको अवधिलाई हेर्दा आर्थिक वर्ष २०८१/८२ मा रेमिट्यान्स आप्रवाह १९ दशमलव २ प्रतिशतले वृद्धि भई १७ खर्ब २३ अर्ब २७ करोड भित्रिएको छ ।

राष्ट्र बैंकका अनुसार असार महिनामा मात्रै रेमिट्यान्स १ खर्ब ८९ अर्ब ११ करोड भित्रिएको छ, जुन अघिल्लो वर्षको सोही महिनामा १ खर्ब १७ अर्ब ७८ करोड रेमिट्यान्स भित्रिएको थियो । यसरी हेर्दा नेपालमा रेमिट्यान्स भित्रने क्रम बढ्दै गएको छ । विश्व बैंकको तथ्यांकअनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनको एक तिहाइभन्दा बढी हिस्सा रेमिट्यान्सले ओगटेको छ । राष्ट्र बैंकका अनुसार साउन महिनामा मात्रै ४४ हजार ४ सय ६६ जनाले अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिएका छन् भने २३ हजार ६ सय ४४ जनाले पुनः श्रम स्वीकृति लिएका छन् । गत वर्षको सोही अवधिमा यो संख्या क्रमशः ३६ हजार ९ सय २८ र २२ हजार ६ सय ४७ थियो । यो वृद्धिले वैदेशिक रोजगारीमा जानेक्रम बढ्दै गएको स्पष्ट देखिन्छ । गत आर्थिक वर्ष २०८१/८२ मा अन्तिम स्वीकृति लिनेको संख्या ५ लाख ५ हजार ९ सय ५७ पुगेको थियो भने पुनः स्वीकृति लिने ३ लाख ३३ हजार ३ सय ९ थिए ।

**अर्थतन्त्रको सहारा बन्यो रेमिट्यान्स**

नेपालको श्रम बजारमा वार्षिक करिब ५ लाख युवा कामको खोजीमा बजारमा प्रवेश गर्छन् । आन्तरिक बजारमा पर्याप्त रोजगारीको अवसर नहुँदा दैनिक सरदार २ हजार सक्रिय जनशक्ति कामको खोजीमा बिदेसिने गरेका छन् । स्वदेशमै रोजगारीसँग सम्बन्धित नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्दा वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्या दिनानुदिन बढ्दै गएको छ ।

उनीहरूले पठाउने रेमिट्यान्सले नेपालको अर्थतन्त्र चलायमान बनाउन तथा त्यस्ता श्रमिकको परिवारको जीवनस्तरमाथि उठाउनसमेत ठुलो सहयोग पुगेको छ । मुलुकमा भित्रिएको रेमिट्यान्सले विदेशी मुद्रा सञ्चितिमा मात्र टेवा पुगेको छैन नेपालीको प्रतिव्यक्ति आय बढेर १ हजार ३ सय ८१ डलर पुग्नुमा, गरिबीको रेखामुनि रहेका जनसंख्या ४२ प्रतिशतबाट घटेर १६ प्रतिशतमा झर्नुमा, मानव विकास सूचकांक न्यून मानव विकासदेखि मध्यम मानव विकास सूचकांकमा पुग्नुमा, शिशु मृत्युदर घट्नु तथा औसत आयु बढ्नुजस्ता सामाजिक एवं आर्थिक अवस्थामा आएको सुधारका पछाडि सबैभन्दा बढी योगदान रेमिट्यान्सको रहेको छ । यसरी रेमिट्यान्सले देशको अर्थतन्त्रदेखि उनीहरूको पारिवारिक स्थिति उकास्नमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

**रेमिट्यान्सको सही उपयोग हुन सकेन**

प्रत्येक वर्ष खर्बौं रुपैयाँबराबरको रेमिट्यान्स (विप्रेषण) नेपाल भित्रने गरे पनि घरायसी उपभोगमा नै बढी खर्च हुने गरेको विभिन्न अनुसन्धानले देखाएको छ । राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांकअनुसार विदेशबाट नेपाल भित्रिने कुल रेमिट्यान्समध्ये ७६ प्रतिशत बढी घरायसी उपभोगमा खर्च हुने गरेको छ । तर दुःखद् पक्ष के छ भने यसरी रेमिट्यान्सका रूपमा भित्रिएको ठुलो धनराशिको पर्याप्त सदुपयोग हुन भने सकेको छैन ।

नेपाल जीवनस्तर मापन सर्वेक्षणले पनि आम्दानीको ७९ प्रतिशत रकम दैनिक उपभोग, ७ प्रतिशत रेमिट्यान्स कर्जा तिर्न, साढे ४ प्रतिशत घरायसी सम्पत्ति जोड्न र साढे ३ प्रतिशत शिक्षामा खर्च हुने गरेको देखाएको छ । सर्वेक्षणले ५५ दशमलव ८ प्रतिशत घरपरिवारले रेमिट्यान्स प्राप्त गरेको देखाउँछ भने पुँजी निर्माणमा २ दशमलव ४ प्रतिशत मात्रै प्रयोग भएको रहेछ ।

राष्ट्र बैंकको अध्ययनले पनि नेपाल भित्रिने कुल रेमिट्यान्सको १ प्रतिशत मात्र प्रत्यक्ष रूपमा उत्पादनमूलक क्षेत्रमा लगानी भएको देखाउँछ ।

यो रोजगारीका लागि विदेश गएका नेपाली आफैंले स्वदेशमा व्यापार व्यवसाय (उत्पादनमूलक क्षेत्र)मा गरेको लगानी हो । प्रतिवेदनअनुसार कुल रेमिट्यान्सको २८ प्रतिशत बचत हुने गरेको छ । बचत रकम बैंक तथा वित्तीय संस्थाले उत्पादनमूलक लगानीको क्षेत्रमा उपयोग गर्ने भएकाले रेमिट्यान्समार्फत राष्ट्रिय पुँजी निर्माणमा योगदान पुगेको अध्ययनको निकर्ष छ । 'रेमिट्यान्सको २८ प्रतिशत बचत र १ दशमलव १ प्रतिशत उत्पादनमूलक क्षेत्रमा लगानी भएको देखिएको छ,' सर्वेक्षणमा उल्लेख छ ।



प्रतिवेदनले नेपाल भित्रिने रेमिट्यान्सको २५ दशमलव ३ प्रतिशत ऋण तिर्न र २३ दशमलव ९ प्रतिशत खाद्यान्न, लत्ताकपडालगायत दैनिक उपभोग्य वस्तु खरिदमा उपयोग हुँदै आएको देखाएको छ ।

यस्तै, ९ दशमलव ७ प्रतिशत शिक्षा तथा स्वास्थ्य, ३ दशमलव ५ प्रतिशत विवाह, व्रतबन्धलगायत सामाजिक कार्य र ३ प्रतिशत घरायसी सम्पत्तिको खरिदमा प्रयोग हुँदै आएको छ । आव २०७१/७२ मा १६ जिल्लाका ३ सय २० घरपरिवारमा गरेको स्थलगत सर्वेक्षण र त्यसका आधारमा तयार गरिएको 'विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी प्रवृत्ति' अध्ययन प्रतिवेदनलाई अद्यावधिक गरी यस्तो निष्कर्ष निकालिएको राष्ट्र बैंकले प्रस्ट्याएको छ ।

विदेशमा काम गर्ने नेपालीले पठाएको धनले धेरै नेपालीको दैनिक घरखर्च चलेको छ, आर्थिक जीवनशैलीमा पनि परिवर्तन आएको छ तर समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव छोड्नेगरी उत्पादनमूलक क्षेत्रमा भने उपयोग हुन सकेको छैन ।

यसरी रेमिट्यान्सको जुन प्रवाह स्तर छ, त्यस अनुपातमा पुँजी निर्माणमा भएको प्रयोग निकै न्यून छ । निश्चय पनि रेमिट्यान्स भित्रिँदा नेपालीको औसत जीवनशैलीमा परिवर्तन आएको छ । रेडियो, टिभीजस्ता सञ्चारसाधन र पोषिलो खाना, शिक्षा आदिमा पनि उनीहरूको पहुँच बढेको देखिन्छ । यो पनि उपलब्धि नै हो । यद्यपि रेमिट्यान्सको प्रवाह उच्च भएकाले त्यसलाई सही ढंगले राष्ट्रिय अर्थतन्त्रको विकासमा सदुपयोग गर्न सके, त्यसले केही परिवारको जीवनशैलीमा मात्रै होइन, समग्र मुलुककै आर्थिक परिसूचकहरूमा परिवर्तन ल्याउन सकिने कुरा सरकारले बिर्सन हुन्न ।

रेमिट्यान्सलाई केवल उपभोगमा खर्च गर्ने होइन, दीर्घकालीन विकास र उत्पादनमुखी क्षेत्रमा लगानी गर्न सके मात्र यसको सदुपयोग हुने देखिन्छ ।

**रेमिट्यान्सको सदुपयोग कसरी गर्ने ?**

**उत्पादनमुखी क्षेत्रमा लगानी**

रेमिट्यान्सको रकमलाई उद्योग, कृषि, पर्यटन, ऊर्जा, सूचना प्रविधिजस्ता क्षेत्रमा लगानी गर्न सकिन्छ । यसले रोजगारी सिर्जना गर्ने मात्र होइन, दीर्घकालीन आम्दानीको स्रोत पनि खोल्छ ।

**सीप र ज्ञानमा लगानी**

वैदेशिक रोजगार गरेर फर्किएका युवासँग अनुभव र सीप हुन्छ । यदि उनीहरूले आफ्ना सीपलाई प्रयोग गर्ने वातावरण पाइरहेका भए कृषि प्रविधि, व्यवसाय व्यवस्थापन वा सेवा क्षेत्रमा ठुलो योगदान दिन सकिन्छ । यसका लागि सरकारले सीपअनुसार उद्यम सुरु गर्न प्रोत्साहन र ऋण सुविधा दिनुपर्छ ।

**सहकारी र सामुदायिक परियोजना**

गाउँस्तरमा सहकारीमार्फत रेमिट्यान्सको रकम संकलन गरेर कृषि, पशुपालन, ऊर्जा वा पर्यटन परियोजना सञ्चालन गर्न सकिन्छ । यसले समुदायमै रोजगारी सिर्जना गर्नेछ ।

वित्तीय पहुँच र औपचारिक च्यानल अझै पनि ठुलो मात्रामा रेमिट्यान्स अनौपचारिक क्षेत्र वा अवैध च्यानलमार्फत भित्रिने गरेको छ । यसलाई रोक्न सजिलो, सुरक्षित र कम लागतमा पैसा पठाउन सकिने औपचारिक प्रणालीलाई विस्तार गर्नु जरुरी छ । यसले बैंकिङ प्रणाली बलियो बनाउनेछ ।

प्रवासी नेपालीसँग सहकार्य विदेशमा रहेका सफल व्यवसायी र प्राविधिकलाई नेपालमा लगानी गर्ने वातावरण मिलाउन सकियो भने, केवल पैसा मात्र नभई ज्ञान, सिप र प्रविधि पनि ल्याउन सकिन्छ ।


**सरकार र नीति निर्माताको भूमिका**

रेमिट्यान्सलाई सदुपयोग गर्न सरकारले ठोस नीति र कार्यक्रम ल्याउनुपर्छ । अर्कोतर्फ उत्पादनमुखी क्षेत्रमा लगानी गर्न कर छुट वा प्रोत्साहन गर्नुपर्दछ । विदेशबाट फर्किएका श्रमिकलाई उद्यम सञ्चालनका लागि सस्तो ब्याजमा ऋण दिने व्यवस्था गर्न सकियो भने यसले नेपालमै उनीहरूको सिप, श्रम प्रयोग गर्न सकिन्छ । यस्तै, प्रवासी नेपालीलाई नेपालमै लगानी गर्न प्रोत्साहन दिने कानुनी सुविधा ल्याउनुपर्छ । यसर्थ, नेपाल जस्तो देशमा रेमिट्यान्सलाई सदुपयोग गर्न सबै पक्षको साझा पहल आवश्यक छ । सरकार, निजी क्षेत्र, सहकारी, नागरिक समाज र प्रवासी नेपालीबीच साझेदारी हुनुपर्छ । उत्पादनमुखी लगानी, सिप प्रयोग, उद्यमशीलता र वित्तीय साक्षरता बढाउन सके मात्र रेमिट्यान्सले देशको दीर्घकालीन आर्थिक विकासमा योगदान पुऱ्याउन सक्छ ।

रेमिट्यान्स नेपालका लागि अवसर हो तर यसको दुरुपयोग भयो भने दीर्घकालीन विकासमा प्रतिकूल असर पर्छ । अहिले देखिएको उपभोगमुखी प्रवृत्ति परिवर्तन गरी उत्पादन र रोजगारीमुखी क्षेत्रमा लगानी गर्न सकियो भने रेमिट्यान्सले नेपालको अर्थतन्त्रलाई मात्र होइन, सामाजिक रूपान्तरणलाई पनि बलियो बनाउन सक्छ ।





















# इतिहासको पुनर्निर्माण



अस्मिता बम



भदौ २३ र २४ गते भएको जेनजी समूहको आन्दोलनमा मानवीय क्षति मात्रै भएन, ठुलो स्तरमा भौतिक क्षति पनि भयो। करिब ६ सय २९ सरकारी भवन र सार्वजनिक कार्यालय पूर्ण ध्वस्त भए। ८ सय ३६ को हाराहारीका सरकारी भवनमा आंशिक क्षति पुगेको छ। धेरै जिल्ला, प्रदेश र संघीय कार्यालयहरू तोडफोड र आगजनीको सिकार भएका छन्।

उपत्यकामा मात्र प्रहरीका १ सय २२ कार्यालय पूर्ण रूपमा र ९६ वटा कार्यालय आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। धेरै नगरपालिकाका भवन, वडा कार्यालय, व्यक्तिगत आवास, पार्टी कार्यालय र विद्यालयमा समेत क्षति पुगेको छ। जसमा विभिन्न राजनीतिक दलका ४५ वटा पार्टी कार्यालय क्षतिग्रस्त छन् भने १ सय ७४ वटा कार्यालयमा आंशिक क्षति भएको छ।

यत्ति मात्र नभई हाम्रा ऐतिहासिक धरोहर पनि नष्ट भएका छन्। शीतल निवास, सिंहदरबार, सर्वोच्च अदालतल, संसद् भवन र विभिन्न प्रशासनिक भवनलगायतका संरचना जलेका छन्। संरचनासँगै जलेका छन् त्यहाँ रहेका महत्वपूर्ण दस्तावेज पनि। सर्वोच्च अदालत जल्दा अहिले मुद्दाको सुनुवाइसमेत भवनबाहिर त्रिपाल टाँगेर गनुपर्ने अवस्था आएको छ। जलेर ध्वस्त मन्त्रालयका कामकारबाही अन्यत्र सारेर गर्नुपर्ने भएको छ। प्रधानमन्त्री कार्यालय जल्दा अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीको कार्यकक्षसमेत गृह मन्त्रालयमा सारिएको छ।

आंशिक रूपमा क्षति भएका मन्त्रालयमा रङरोगनको काम थालिएको छ। तर देशको परिस्थिति भने सामान्य अवस्थामा फर्किसकेको छैन। अझै पनि हरेक दिन हाम्रा माग पूरा भएका छैनन् भन्दै कहिले माइतीघर त कहिले सिंहदरबार अगाडि विभिन्न जेनजी समूहले धर्ना दिइरहेका छन्। यस्तो हुँदा देशमा फेरि भदौ २३ र २४ कै जस्तो अवस्था नआउँला भन्न सकिन्न।

दशकौंदेखिका संरचना एकै दिनमा ध्यस्त बनाएको आन्दोलनबाट भने पाठ सिक्नुपर्ने समय आएको छ। यो पुनर्निर्माणाको समयमा कुन संरचनालाई प्राथमिकतामा राख्ने भन्ने विषयमा सरकार गम्भीर हुन जरुरी छ।

यस्तोमा सिंहदरबार पुनर्निर्माणाको प्रमुख प्राथमिकता बन्न जान्छ। सिंहदरबार पुनर्निर्माणा नहुँदा प्रशासन ठप्प, नीतिगत निर्णयमा ढिलाइलगायत सञ्चार प्रणालीसमेत प्रभावित बन्न पुग्छ। यस्तै, शीतल निवास नेपालको राष्ट्र प्रमुखको प्रतीक भएकाले यसको पुनर्निर्माणामा पनि ढिलाइ गर्नुहुँदैन। कूटनीतिक छवि पनि यससँग सम्बन्धित भएकाले शीतल निवास पनि पुनर्निर्माणाको प्राथमिकतामा पर्न पर्छ।

यससँगै सुरक्षा निकायलाई पनि सँगसँगै लैजानुपर्छ। सुरक्षाका दृष्टिकोणले मात्र नभई कानुन संरक्षण र अपराध नियन्त्रणका लागि पनि प्रहरी प्रशासनका भवन छरितो रूपमा पुनर्निर्माणा आवश्यक छ। यस्तै, कानुनी अन्याय बढ्न नदिन अदालत पनि पुनर्निर्माणा गर्न जरुरी छ। राज्य सञ्चालन, नागरिक सेवा, कानुन र लोकतन्त्रका आधारशिलाका रूपमा रहेका यी संरचना जति सक्दो चाँडो पुनर्निर्माण गर्नेतर्फ सरकार अग्रसर हुन पनि जरुरी छ।

२०७२ सालको भूकम्पका कारण भत्किएका संरचना यथास्थितिमा फर्की नसक्दै देशमा आन्दोलनले अर्बौंको क्षति हुनु राज्यको ढुकुटी रित्तिनुसरह भइदिन्छ। त्यसकारण अबका दिनमा नयाँ संरचना निर्माण गर्दा सरकार झन् चनाखो भएर लाग्नुपर्ने समय पनि आएको छ। जसमा भूकम्प प्रतिरोधात्मक क्षमता भएका, आगो प्रतिरोधी सामग्री प्रयोग गरेर र आपतकालीन मार्ग बनाएर संरचना निर्माण गरिनुपर्छ। यसका साथै सार्वजनिक संरचना बनाउँदा जनमुखी र पहुँचयोग्य बनाउनतर्फ पनि सरकारको ध्यान जान आवश्यक छ।

> सिंहदरबार पुनर्निर्माण नहुँदा प्रशासन ठप्प, नीतिगत निर्णयमा ढिलाइलगायत सञ्चार प्रणालीसमेत प्रभावित बन्न पुग्छ। कूटनीतिक छवि पनि यससँग सम्बन्धित भएकाले शीतल निवास पनि पुनर्निर्माणको प्राथमिकतामा पर्न पर्छ।













